# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २२ | काठमाडौं | मंगलबार, ०१ जेठ २०८१ | Prabhab National Daily | Tuesday, May 14, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**तातो हावा "लु" बाट जोगिने उपाय**

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने।

नेपाल सरकार
विज्ञापन बोर्ड


## महत्त्वाकांक्षी लक्ष्यसहित तयार भयो १६औं योजना




- योजनाको मस्यौदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा
- आर्थिक वृद्धिदर ७.३ प्रतिशत र प्रतिव्यक्ति आय अमेरिकी डलर दुई हजार ४१३ पुऱ्याउने लक्ष्य
- जिडिपीको आकार ८० देखि ८६ खर्बको हाराहारी पुऱ्याउने
- मुख्य १४ वटा शीर्षकमा रूपान्तरणकारी रणनीति, प्रमुख हस्तक्षेपकारी कार्यक्रम र परिमाणात्मक लक्ष्यसहितको खाका
- १७ वटा औद्योगिक क्षेत्र सञ्चालनमा ल्याउने, १४० वटा औद्योगिक ग्राम घोषणा गर्ने, विशेष आर्थिक क्षेत्रको संख्या तीन पुऱ्याउने लक्ष्य

■ **हेमन्त जोशी**

**काठमाडौं–** 'सुशासन, सामाजिक न्याय र समृद्धि' मुख्य लक्ष्यसहित १६औं पञ्चवर्षीय आवधिक योजना (२०८१/८२–२०८५/८६) को मस्यौदा अन्तिम स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाइएको छ। राष्ट्रिय योजना आयोगले १६औं आवधिक योजनाको मस्यौदा आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको हो।

आगामी आर्थिक वर्ष २०८१/८२ बाट कार्यान्वयनमा जाने यो आवधिक योजनालाई गत माघ मसान्तभित्र ल्याइसक्ने गरी आयोगले कार्यसूची बनाएको भए पनि हालसम्म स्वीकृत हुन सकेको छैन। यद्यपि, सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटसँग तालमेल हुनेगरी आवधिक योजना तयार पार्नुपर्ने भएकाले अन्तिम स्वीकृतिका लागि केही समय लागेको आयोगले जनाएको छ।

नयाँ आवधिक योजनाको मस्यौदामा केही महत्त्वाकांक्षी लक्ष्य राखिएका छन्। आर्थिक वर्ष २०८५/८६ मा आर्थिक वृद्धिदर ७.३ प्रतिशत र प्रतिव्यक्ति आय अमेरिकी डलर दुई हजार ४१३ पुऱ्याउने लक्ष्य छ। चालु आवमा नेपालको प्रक्षेपित आर्थिक वृद्धिदर ३.९ प्रतिशत र प्रतिव्यक्ति आय अमेरिकी डलर एक हजार ४५६ रहेको छ।

त्यसैगरी, अहिले निरपेक्ष गरिबीको रेखामुखी रहेको जनसंख्या २०.३ प्रतिशत रहेकामा पाँच वर्षभित्रमा १२ प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरिएको छ। गत आर्थिक वर्ष २०७९/८० मा उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धि) ७.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८५/८६ मा पाँच प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ। नयाँ आवधिक योजनाको मस्यौदाअनुसार मानव विकास सूचकांकमा अहिले नेपालको सूचकांक ०.६०१ रहेकोमा पाँच वर्षमा ०.६५० पुऱ्याउने, मानव सम्पत्ति सूचकांक ७६.३ बाट ७८ पुऱ्याउने र आर्थिक तथा वातावरणीय जोखिम सूचकांक २९.७ बाट २४ मा झार्ने लक्ष्य निर्धारण गरिएको छ।

(क्रमशः पृष्ठ २ मा)

# संसद् बैठक अन्योलमै

### राष्ट्रपतिले संघीय संसद्को संयुक्त सदनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यसूची प्रभावित हुने संकेत



उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नाम पाँच/छ वटा सहकारी ठगीमा जोडिएकाले छानबिनका लागि संसदीय समिति गठन गरौं भनेका छौं। गठन नभए संसद् चल्दैन।

■ **उदयशमशेर जबरा**
**सांसद, नेपाली कांग्रेस**



सांसदहरूले कानुन बनाउने हुन्। छानबिन गरेर अनुसन्धान अधिकारी हुने होइन तर यहाँ त छानबिन समिति गठन गरेर सांसदहरूलाई अनुसन्धानकर्ता बनाउन खोजिँदै छ।

■ **महेश बर्तौला**
**प्रमुख सचेतक, नेकपा एमाले**



*फाइल तस्बिर*

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त सदनमा आज नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यसूची भए पनि संसद् बैठक सञ्चालन हुनेमा भने अन्योल कायमै छ।

सहकारीको बचत अपचलन प्रकरणमा मुछिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई छानबिनको दायरामा ल्याउन संसदीय समिति गठन नभएसम्म सदन चल्न नदिने अडानमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस कायमै छ। सभामुख देवराज घिमिरे र प्रधानमन्त्री पुष्पकमल दाहालले आइतबार र सोमबार कांग्रेसलाई मनाएर संसद् खुलाउने प्रयास गरे। उक्त प्रयासले सार्थक नतिजा दिन सकेको छैन।

शनिबार बसेको कांग्रेसको पदाधिकारी बैठकले गृहमन्त्री लामिछाने सहकारी प्रकरणमा जोडिएकोले त्यसबारे संसदीय छानबिन समिति गठन हुनुपर्ने अडानमा पछि नहट्ने निर्णय गरेको थियो। त्यसका लागि कांग्रेसले सरकारमाथि दबाब बढाइरहेको छ।

यसबीच प्रधानमन्त्री दाहालले दौडधुप बढाएका छन्। उनले कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरिसकेका छन्। सोमबार उनले प्रमुख सत्तारुढ घटक नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिसमेत रहेका गृहमन्त्री लामिछानेसँग संवाद गरे। तर, संसदीय छानबिन समिति गठन गर्नेबारे सत्तापक्ष र प्रतिपक्षी कांग्रेसबीच समझदारी जुट्न सकेको छैन। यसबारे दुवै पक्षको फरक-फरक धारणा छ। जसले गर्दा आज पनि सदन चल्नेमा शंका छ।

यसअघि शुक्रबार बसेको संसद्को बजेट अधिवेशनको पहिलो बैठक नै कांग्रेसले चल्न दिएन। सभामुख घिमिरेले १५ मिनेट स्थगित गरेर सञ्चालन गरेको बैठकमा कांग्रेसले छानबिन समिति गठनकै माग दोहोऱ्यायो। कांग्रेस सांसद उदयशम्शेर जबरा छानबिन समिति गठन भएमात्रै सदन चल्न दिने बताउँछन्। नभए चल्न नदिने उनको चेतावनी छ।

'संसद् चलाउन कांग्रेस आतुर छ। संसद् सत्तारूढ दललाई भन्दा विपक्षीका लागि महत्त्वपूर्ण हुन्छ। त्यही भएर यसअघि जसरी संसद् अधिवेशन अन्त्य गरियो, त्यसमा आपत्ति जनाएका थियौं,' उनले प्रभावसँग भने, 'तर उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नाम पाँच/छ वटा सहकारी ठगीमा जोडिएकाले छानबिनका लागि संसदीय समिति गठन गरौं भनेका छौं। गठन नभए संसद् चल्दैन।'

समिति गठनको विषयमा कांग्रेस अडिक भएपछि राष्ट्रपति पौडेलले सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्छन् कि गर्दैनन् ? चासोपूर्वक हेरिएको छ। चितवनमा सोमबार भएको एउटा कार्यक्रममा प्रधानमन्त्री दाहालले संसद् खुलाउने विषयमा कांग्रेससँग छलफल गरेर सहमति गर्ने बताएका छन्।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# श्रमिकमैत्री मन्त्रालय बनाउने अभियान

- वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई आवश्यक सहजीकरणमा जोड
- श्रम स्वीकृति प्रक्रियालाई सहज बनाइँदै

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विभिन्न नीतिगत निर्णय गर्दै वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई आवश्यक सहजीकरणमा जोड दिएको छ। मन्त्रालयले पछिल्लो समय विदेश जाने श्रमिकहरूलाई अनावश्यक आर्थिक भार पर्ने र झण्झटिलो प्रक्रियाका कारण भोग्नुपर्ने सास्तीलाई निराकरण गर्ने प्रयासस्वरूप वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि, २०८१ संशोधन गर्दै सहजीकरणमा जोड दिएको हो।

श्रममन्त्री डोलप्रसाद अर्यालले मन्त्रालयको जिम्मेवारी सम्हालेयता विदेश जाने श्रमिकहरूलाई सुविधासहितको सहजीकरण गर्ने कार्यमा जोड दिएको उनको सचिवालयले जनाएको छ। मन्त्री अर्यालको सचिवालयले एक प्रेस नोट जारी गर्दै मन्त्रालयबाट विभिन्न प्रकृतिका भिसामा विदेश गएर श्रम गरिरहेका श्रमिकहरूलाई 'वैधानिकीकरण श्रम स्वीकृति' प्रदान गर्ने निर्णय भएको जनाएको छ। जसमा वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि, २०८१ संशोधन गर्दै अन्य प्रकृतिका भिसामा विदेश गएर सोही मुलुकमा रोजगारीका लागि भिसा पाएका श्रमिकलाई वैधानिकीकरण श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरेको उल्लेख छ।

मन्त्रालयले वैधानिकीकरण श्रम स्वीकृति प्रक्रियालाई पनि सहज बनाउँदै अब श्रम गरिरहेको मुलुकबाट श्रम स्वीकृति माग गर्दा श्रमिकले स्वास्थ्य परीक्षण र पूर्वप्रस्थान अभिमुखीकरण तालिमको प्रमाण पेस गर्नु नपर्ने व्यवस्था गरेको छ। यसअघि 'अन्य प्रकृतिका भिसामा गई वैदेशिक रोजगारीबाट फर्केका कामदारको श्रम स्वीकृति' शीर्षकमा यस्तो खालको श्रम स्वीकृति प्रदान गरिँदै आएको थियो। तर, श्रम स्वीकृति लिनका लागि श्रमिकहरू नेपाल नै आउनुपर्ने व्यवस्था थियो। साथै श्रमिकले अनिवार्य रूपमा स्वास्थ्य परीक्षण र पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिएको प्रमाण पेस गर्नुपर्ने व्यवस्था थियो।

त्यस्तै, नेपालबाट श्रम स्वीकृति लिएर कुनै पनि देशमा वैदेशिक रोजगारीमा गएको व्यक्ति बीचैमा अर्को मुलुकमा श्रम स्वीकृति लिई गएको भए पनि पुनः पहिले श्रम स्वीकृति लिई गएको देशमा भिसा प्राप्त गरी रोजगारीका लागि जान चाहेमा भिसा प्रमाणीकरण गर्नुपर्ने व्यवस्था हटाइएको छ। पहिलाकै मुलुकमा जान चाहेमा सम्बन्धित मुलुकसँगको श्रम सम्झौता र इ-भिसाको आधारमा पुनः श्रम स्वीकृति दिन सकिने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

वैधानिकीकरण श्रम स्वीकृतिका लागि अनलाइन आवेदन दिनुपूर्व अनलाइन प्रणालीमा सम्बन्धित व्यक्तिको फोटो खिचिने वा औंठा छापमध्ये कुनै एक वा दुवै लिने व्यवस्था गरिएको छ। श्रम स्वीकृति प्रदान गरिने जुन निकाय वा कार्यालयमा श्रमिकको फोटो खिचिएको र जैविक विवरण लिइएको हो सोही निकाय वा कार्यालयमात्र छनोट गरी श्रम स्वीकृतिका लागि अनलाइन आवेदन दिनुपर्ने बताइएको छ।

श्रम स्वीकृतिका लागि अनलाइन आवेदन पेस गरेमा श्रम स्वीकृति प्रदान गर्न अख्तियारी पाएका मन्त्रालयअन्तर्गतका कार्यालय वा निकायबाट वैधानिकीकरण श्रम स्वीकृति प्रदान गरिनेसमेत जनाइएको छ। सन् २०२४ को मे ३१ सम्म रोजगारीका लागि भिसा प्राप्त गरी सम्बन्धित मुलुकस्थित नेपाली कूटनीतिक नियोगमा आवेदन गरेका श्रमिकलाई सम्बन्धित नियोगले नै वैधानिकीकरण श्रम स्वीकृति प्रदान गर्नसक्ने प्रेस नोटमा उल्लेख गरिएको छ।

त्यस्तै, व्यक्तिगत श्रम स्वीकृतिमा प्रमाणीकरण सुरु गर्ने र निर्णय गर्ने जिम्मा कम्प्युटर अपरेटर, नायब सुब्बा, भाषा अनुवादक, शाखा अधिकृत र अधिकृतलाई दिइएको छ। जसले भिसाको प्रकृति, जारी मिति, अन्तिम मितिको रुजु गर्ने छन्। साथै नेपाली वा अंग्रेजी भाषा अनुवाद गर्ने, वायोमेट्रिक नभएकाको हकमा फिंगर प्रिन्ट स्क्यान गर्ने छन्। यसअघिको व्यवस्थाअनुसार दुईवटा तहबाट श्रम स्वीकृति प्रमाणीकरण गर्ने व्यवस्था थियो। कप्युटर अपरेटर, नायब सुब्बा र भाषा अनुवादकले कागजपत्र रुजु गर्ने र शाखा अधिकृतले श्रम स्वीकृति प्रमाणित गर्ने व्यवस्था थियो। त्यस्तै, संशोधित कार्यविधिअनुसार पुनः श्रम स्वीकृति माग गर्दा यसअघि श्रम स्वीकृति लिएको निस्सा पेस गर्नु नपर्ने व्यवस्था गरेको छ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमश:

### संसद् बैठक...

यो समाचार तयार पार्दासम्म दलहरूबीच छानबिन समिति गठनबारे कुनै सहमति भएको छैन । सांसद जबराका अनुसार कांग्रेसले छानबिन समिति गठनको माग संसद्को अघिल्लो अधिवेशनबाटै हो । तर, यसबारे प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओली कांग्रेसको माग जस्ताको तस्तै सम्बोधन गर्न तयार भइसकेका छैनन् । एमाले प्रमुख सचेतक महेश बर्तौला कांग्रेसले आत्महत्या नै गर्छु भने पनि समिति गठन नहुने बताउँछन् । उनका अनुसार एक जना व्यक्तिलाई केन्द्रित गरेर छानबिन समिति गठन गर्ने परम्परा बसे भोलि समस्या पैदा हुन्छ ।

'सांसदहरूले कानुन बनाउने हुन्, छानबिन गरेर अनुसन्धान अधिकारी बन्ने होइन । तर यहाँ त छानबिन समिति गठन गरेर सांसदहरूलाई अनुसन्धानकर्ता बनाउन खोजिँदै छ,' उनले भने, 'यस्तो नाजायज विषयमा एमालेको सहमति रहँदैन ।'

कांग्रेस र प्रमुख सत्तारुढ घटक एमालेबीच छानबिन समितिबारे मतैक्यता छ । यसले गर्दा राष्ट्रपतिको सम्बोधन नै प्रभावित बन्ने सम्भावना बढेको छ । यसपछि चिन्तित सभामुख घिमिरेले प्रधानमन्त्री दाहालसँग सोमबार नै टेलिफोन संवाद गरेका छन् । संवादका क्रममा प्रधानमन्त्रीले प्रतिपक्षी र सत्तापक्षमा रहेका दलहरूसँग छलफल गरेर सहमति खोज्ने बताएको सभामुखका प्रेस संयोजक शेखर अधिकारीले बताए ।

'विपक्षी र सत्ता घटकसँग छलफल गरेर कांग्रेसलाई कुनै न कुनै विकल्प दिएर सहमतिमा ल्याउँछौं भन्ने कुरा प्रधानमन्त्रीले सभामुखलाई भन्नुभयो,' अधिकारीले भने, 'छानबिन समिति गठनको विषयमा प्रगति छ, कांग्रेसले केही लचक देखिएको छ ।' सभामुख घिमिरेले प्रमुख प्रतिपक्षी कांग्रेस र सत्ताधारी नेकपा एमाले तथा राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वसँग पनि संवाद गरेका छन् । त्यसक्रममा कांग्रेस सभापति देउवाले सरकारले समिति बनाएमा संसद्मा अवरोध नहुने र मंगलबार मात्र नभई सबै बैठकहरू चल्ने प्रतिक्रिया दिएको बताइएको छ ।

गृहमन्त्री लामिछानेलेचाहिँ आफूले सहकारी प्रकरणमा आफूमाथि उठेका प्रश्नबारे संसद्मा बोल्न पाउनुपर्ने माग दोहोऱ्याएका छन् । यसअघि शुक्रबार रविलाई संसद् बैठकमा आरोपबारे बोल्न दिने दलहरूबीच सहमति भएको थियो । तर, सभामुख सुरुमै राष्ट्रपतिबाट सदन आह्वान गरेकोसम्बन्धी पत्र वाचन गरेर अघि बढ्ने खोजे । लगत्तै कांग्रेसले संसद् अवरुद्ध पारे । रविले बोल्न पाएनन् । अहिले पनि उनी संसद्मा आफूमाथि लागेको आरोपबारे प्रस्टीकरण दिन पाउनुपर्ने माग गर्दै आएका छन् ।

■■■

### महत्त्वाकांक्षी लक्ष्यसहित ...

नेपालीको औसत आयु अहिले ७१.३ वर्ष रहेकोमा पाँच वर्षभित्र ७३ वर्ष पुऱ्याउने लक्ष्य राखिएको छ । आधा घण्टाको दूरीमा स्वास्थ्य संस्थाको पहुँच भएका परिवारको संख्या अहिले ७७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८५/८६ मा ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । त्यसैगरी साक्षरता दर हाल ७६.२ प्रतिशत रहेकोमा आवधिक योजना सकिँदासम्म ८५ प्रतिशत पुऱ्याउने र बेरोजगारी दर ११.४ प्रतिशतबाट पाँच प्रतिशतमा झार्ने लक्ष्य सरकारको छ ।

अहिले तीन हजार १०० मेगावाट हाराहारी रहेको जलविद्युत् उत्पादनलाई पाँच वर्षभित्रमा ११ हजार ७६९ मेगावाट पुऱ्याउने लक्ष्य राखिएको छ । त्यसैगरी, इन्टरनेटको पहुँचमा अहिले ६९.२ प्रतिशत जनसंख्या रहेकोमा आव २०८५/८६ सम्ममा ९० प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । बैंक तथा वित्तीय संस्थामा ६३ प्रतिशत परिवारको पहुँच रहेकोमा त्यसलाई बढाएर ८५ प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

विधिको शासन सूचकांक ०.५२ बाट ०.८०, विश्वव्यापी प्रतिस्पर्धी सूचकांक ५२ बाट ६५ र भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकांक ३५ बाट ४३ पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । कूल विनियोजनमा खर्चको अनुपात ८० प्रतिशतबाट ९० प्रतिशत पुऱ्याउने, कूल गार्हस्थ उत्पादनको अनुपातमा बेरुजु १०.९ प्रतिशत रहेकोमा पाँच प्रतिशतमा झार्ने र विद्युतीय सरकार सूचकांक (इ-गभर्नेन्स इन्डेक्स) ०.५१२ रहेकोमा ०.६०० पुऱ्याउने लक्ष्य आवधिक योजनामा राखिएको छ ।

क्षेत्रगत सूचक तयार पारेर लक्ष्य तोकिएको छ भने त्यसको प्राप्तिका लागि रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रम आवधिक योजनामा राखिएको छ । आवधिक योजनाको मस्यौदामा आगामी पाँच वर्षभित्र मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) को आकार करिब ३० खर्ब रूपैयाँले वृद्धि गर्ने लक्ष्य निर्धारण गरिएको छ । अहिले आधारभूत मूल्यमा जिडिपीको आकार ५३ खर्ब ८१ अर्ब रूपैयाँ बराबर छ । १६औं योजनाको अन्त्यसम्ममा ८० खर्बदेखि ८६ खर्ब रूपैयाँको हाराहारी पुऱ्याउने लक्ष्य राखिएको छ । गत आवमा १.८६ प्रतिशत रहेको आर्थिक वृद्धिदरलाई नयाँ आवधिक योजनाको अन्त्यसम्ममा औसत सातदेखि साढे आठ प्रतिशतसम्म कायम गर्ने लक्ष्य मस्यौदामा राखिएको छ ।

योजना आयोगका अनुसार विभिन्न क्षेत्रगत रणनीतिसहितका हस्तक्षेपकारी कार्यक्रम राखेर आवधिक योजनाको मस्यौदा तयार पारिएको छ । मुख्य १४ वटा शीर्षकमा रूपान्तरणकारी रणनीति, प्रमुख हस्तक्षेपकारी कार्यक्रम र परिमाणात्मक लक्ष्यसहितको खाका आवधिक योजनामा छ । समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र तीव्रतर आर्थिक वृद्धि, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षालगायतका क्षेत्रगत रूपमा शीर्षकहरू राखिएका छन् । त्यस्तै, गुणस्तरीय पूर्वाधार एवं एकीकृत यातायात व्यवस्था प्रणाली, आधुनिक, दिगो र व्यवस्थित सहरीकरण तथा बस्ती विकास, लैंगिक सशक्तीकरण, सामाजिक समावेशीकरण र परिचालन, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास, गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण शीर्षक परिच्छेद् छुटचाइएका छन् । प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि, अतिकम विकसितबाट विकासशील राष्ट्रमा स्तरोन्नतिपश्चात्को सहजीकरण र दिगो विकास लक्ष्य र हरित अर्थतन्त्रलगायतका विषय आवधिक योजनामा राखिएका छन् ।

आन्तरिक उत्पादन र उत्पादकत्व बढाउन केही महत्त्वाकांक्षी लक्ष्य राखिएका छन् । आन्तरिक उत्पादन बढाउन १७ वटा औद्योगिक क्षेत्र सञ्चालनमा ल्याउने, १४० वटा औद्योगिक ग्राम घोषणा गर्ने, विशेष आर्थिक क्षेत्र (सेज) को संख्या दुईबाट तीन पुऱ्याउने लक्ष्य मस्यौदामा छ । त्यस्तै, हाल दुई हजार ८०० हाराहारी रहेको विद्युत् उत्पादन जडित क्षमता ११ हजार ८०० हाराहारी पुऱ्याउने, प्रतिव्यक्ति विद्युत् खपत ३८० किलोवाट घण्टाबाट बढाएर ७०० किलोवाट घण्टा पुऱ्याउनेलगायतका लक्ष्य आवधिक योजनाको मस्यौदामा छ । 'योजना कार्यान्वयन सम्बन्धमा सबै तह र पक्षका सरोकारवाला निकायबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउने, अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित रहेर नीति निर्माण एवं विकासका प्रयास गर्ने रणनीति लिइने छ,' स्वीकृत अवधारणापत्रमा भनिएको छ । त्यस्तै, नयाँ आवधिक योजनाको अवधारणापत्रमा संरचनात्मक रूपान्तरणका क्षेत्र तथा रणनीति तय गरिएका छन् ।

निजी, सरकारी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने नीति लिइने जनाइएको छ । उद्यमशीलताउन्मुख स्वरोजगारका लागि व्यवसायिक तालिमको उपलब्धतासँगै सुरुवाती पुँजी लगानीमा सहयोग गर्ने, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, ज्ञान, सीप, प्रविधिको उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने लगायतका विषय अवधारणापत्रमा राखिएका छन् । सीमान्तकृत वर्ग तथा समुदायको सशक्तीकरण र सकारात्मक विभेदमार्फत समावेशी रोजगार प्रवर्द्धन गर्ने, आप्रवासी कामदारको नियमन गरी आन्तरिक श्रमबजारमा स्वदेशी श्रमिकलाई प्राथमिकता लिइने जनाइएको छ ।

'सरकारका तीनवटै तहमा जनसांख्यिक लाभको उपयोगमार्फत सीपयुक्त र क्षमतावान श्रमशक्तिको उत्पादन गरी स्वदेशमै रोजगारी अवसर सिर्जना गरिने छ,' अवधारणापत्रमा भनिएको छ, 'वैदेशिक रोजगारका लागि सुरक्षित कार्यवितरणसहित उच्च प्रतिफलयुक्त आय भएका नयाँ गन्तव्य मुलुकहरूको पहिचान र श्रम सम्झौता गर्ने रणनीति बनाइएको छ ।' *रासस*

■■■

### श्रमिकमैत्री मन्त्रालय...

अनलाइन प्रणालीबाट श्रम स्वीकृति प्रदान गर्दा अनलाइन प्रणालीमा प्रविष्ट भएका सम्पूर्ण सूचनाको आधिकारिकता सम्बन्धमा प्रणालीमा विवरण प्रविष्ट गर्ने सम्बन्धित व्यक्ति वा संस्था नै पूर्णरूपमा जिम्मेवार हुनुपर्ने कार्यविधिमा व्यवस्था गरिएको छ । प्रयोगकर्ताले गलत सूचना (कागजात) प्रविष्ट गरेको कारणले हुनजाने समस्या तथा कानुनी कारबाहीको भागिदार सम्बन्धित संस्था वा व्यक्ति नै हुने मन्त्रालयले जनाएको छ ।

अफगानिस्तानमा जाने श्रमिकहरूको हकमा भने मन्त्रिपरिषद्को २०७३ असोज २० को निर्णयबमोजिम हुने मन्त्रालयले जनाएको छ । साथै, सप्लायर कम्पनीको सिफारिसपत्र कार्यालय वा विभागको इमेलमा आउनुपर्ने व्यवस्था गरिएको छ । तर, नेपाल सरकारले वैदेशिक रोजगारमा जान प्रतिबन्ध लगाएका मुलुक र पेसाको हकमा उल्लिखित व्यवस्था लागू नहुने मन्त्रालयले प्रस्ट पारेको छ ।


**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस Talent Overseas Service Pvt. Ltd. इजाजत पत्र नं.: ७०४/०६४/०६५) मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्वन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्वन्धि कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्वन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | सरस्वती थापा | २०१०४९/२५३ | Processing |
| २. | बिनिता खड्का | २१-०१-७१-४५५३९ | Documentation |
| ३. | लक्ष्मी थापा | १३३००३/२९० | Office Girl |
| ४. | रबिना महत | २४-०१-७२-०७३३५ | Accountant |
| ५. | सबिना बनमाला | २९-०१-७३-०२४५८ | Reception |

**ट्यालेन्ट ओभरसिज सर्भिस प्रा. लि.**
गौशाला, ९, काठमाडौं , नेपाल, फोन नं.: ०१-५९१५७४४



**VACANCY ANNOUNCEMENT: SPA THERAPIST**

Omstone Asia Capital Nepal Private Limited is the hospitality properties developer in Nepal. The Company is currently running, a deluxe resort, DUSIT THANI HIMALAYAN RESORT, DHULIKHEL NEPAL at Namobuddha, Dhulikhel ward no. 11. Preference shall be given to Nepali citizens.

**Responsibilities:**

- Perform a wide range of massages and body treatments with expertise and finesse.
- Possess comprehensive knowledge of spa equipment and treatment ingredients.
- Enhance SPA business revenue through exceptional service delivery to our esteemed guests.

**Prerequisites:**

- Proficiency in English and Thai Language communication.
- Professional certification or university degree in SPA, with a minimum of 100 hours of training in Beauty Service Massage, Thai Massage & Swedish Massage.

**Education:**

At least Diploma degree in Health and Aesthetic or university degree in spa-related subject.

**Experience:**

Fresher are encouraged to apply, provided they meet the aforementioned prerequisites.

**Applying procedure:**

Interested candidates are requested to submit the latest resume via email to recruitdthn@dusit.com by 18 May 2024. Emails lacking proper resumes shall not be considered. Only shortlisted candidates will be invited for interview.



**शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रिको सूचना**

पहिलो पटक सूचना प्रकाशन मितिः २०८१/०२/०१

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. १६२८ मिति २०८०/०९/१३ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३५७५ मिति २०८१/०१/३१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, धौटी, दवदवे र खयरका जातका गोलिया थान २२५ को २४७८.५१ क्यू.फि. काठ र साल जातको दाउरा ४.०० चट्टा, अन्य जातको दाउरा ६.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री सिक सामुदायिक वन उपभोक्ता समूह**
राप्ती सोनारी-४, बाँके



**बीमालेख हरायो**

मिति २०८०/१२/२५ गते नक्सालदेखि टोखा आउने क्रममा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Shanti Badwal
बीमालेख नं : 251802528
कम्पनी: Life Insurance Corporation (Nepal) Ltd
ठेगाना : Tokha Na.Pa.-7, Kathmandu, Nepal
सम्पर्क नं : +977-9849535388



**नाम परिवर्तन सम्बन्धि सूचना**

दोस्रोपटक प्रकाशित : २०८१/०२/०१ गते

मिति २०८१/०१/७ मा साविकको नाम नेको फुड्स प्रा.लि. परिवर्तन भई कोने फुड्स प्रा. लि. भएको जानकारी गराउँदछु ।



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक २१ वैशाख ३१ गते २०८१ मा प्रकाशित Lot No. 304562 कम्पनी : Sigma light industrial factory को विज्ञापनमा मेनपावरको नाम Mobhira H.R Services Pvt.Ltd. हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856



**नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित : २०८१/०२/०१ गते

मिति २०८१/०१/१८ मा साविकको नाम जुनी ईम्पेक्स प्रा.लि. परिवर्तन भई याक एन्ड नाक कलेक्सन्स प्रा.लि. भएको जानकारी गराउँदछौं ।



**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि निम्नलिखित कर्मचारीहरू आवश्यक भएको हुँदा ईच्छुक/दक्ष व्यक्तिहरूले आफ्नो बायोडाटा र प्रमाणपत्रहरू सहित तल उल्लेखित ठेगानामा सम्पर्क गर्नुहोला ।

1. Office Manager- 1
2. Computer operator- 2
3. Receptionist- 1
4. Public Relations Officer (PRO)- 4
5. Office Helper (कार्यालय सहयोगी) - 1

तलव आपसी सहमतिमा

नोट : सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष काम गरेको अनुभवी व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

Jassim Trading And Services Pvt. Ltd.
Govt. License No: 332/059/060
G.P.O Box : 8974, Airport Road, Kathmandu, Nepal Tel.: 01-4568845, 9805678135, 9805678136 Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np



**कर्मचारी हटाएको बारे**

यस Namo Buddha Recruitment Pvt. Ltd (ई.प.नं.१३७०/७४/७५)मा **कृपा राना मगर** (Citizenship No. 35-01-73-11355) ले यस प्रा. लि. मा काम गर्दै आउनु भएकोमा आफ्नो व्यक्तिगत काम विशेषले राजीनामा दिनु भएको हुँदा निज व्यक्तिसँग यस प्रा.लि.मा सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला । अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Namo Buddha Recruitment Pvt. Ltd.
Govt. License 1370/74/75
samakhushi-26, Kathmandu, Nepal, Phone : + 977-1-4383168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

जेठ ०१ गते २०८१, मंगलबार

| | |
|---|---|
| मेष | दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । |
| वृष | व्यवसायिक काममा फाइदा हुनेछ । |
| मिथुन | मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| कर्कट | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| सिंह | रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । |
| कन्या | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |
| तुला | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |
| वृश्चिक | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| धनु | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| मकर | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| कुम्भ | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| मीन | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ ०१ गते, २०८१, १४ मे, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिंगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# सरकारबाट बाहिरियो जसपा नेपाल, समर्थन फिर्ता



**काठमाडौं (प्रस)–** उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले पदबाट राजीनामा दिएर सरकारबाट बाहिरिएका छन् । जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्षसमेत रहेका यादवले सोमबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष राजीनामा बुझाएका हुन् ।

'आज बिहान प्रधानमन्त्री दाहालसमक्ष राजीनामा बुझाएको छु, वर्तमान विकसित राजनीतिक परिस्थितिमा सरकारमै रहेर सहकार्यलाई निरन्तरता दिन नसकिने भएकाले जिम्मेवारीबाट राजीनामा दिएको हुँ,' सोमबार राजीनामापछि उनले भने । त्यस्तै स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री दीपक कार्कीले पनि सोमबार नै पदबाट राजीनामा दिएका छन् । जसपा राजनीतिक समिति सदस्यसमेत रहेका उनले सोमबार नै राजीनामा बुझाएका हुन् ।

सोमबार नै यादवको दल जसपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । अध्यक्ष यादवले सोमबार सभामुखलाई पत्र पठाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी गराएका हुन् । अध्यक्ष यादवले जसपाले प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिई सरकारबाटसमेत बाहिरिएको जानकारी पत्रमा गराएका छन् । उनले आफ्नो पार्टी संसद्मा प्रतिपक्षमा बसी रचनात्मक भूमिका निर्वाह गर्ने बताए । यादव नेतृत्वको जसपा हालै विभाजित बनेको थियो । अशोक राईले सात सांसद लिएर नयाँ पार्टी जनता समाजवादी दर्ता गरेका छन् । पार्टी विभाजनसँगै राजनीतिक समीकरण बदलिने भएपछि यादव सरकारबाट बाहिरिएका हुन् ।

यसअघि आइतबार प्रधानमन्त्री दाहालले यादवसँग भेट गरी राजीनामा दिन आग्रह गरेका थिए । आइतबार नै जसपा नेतृत्वको मधेस प्रदेश सरकारबाट माओवादी केन्द्र र एमाले बाहिरिँदै प्रदेश सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको थियो ।

## जसपाका प्रदीप यादव बने नयाँ स्वास्थ्यमन्त्री



**काठमाडौं (प्रस)–** उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल सरकारबाट बाहिरि एसँगै सोही दलबाट फुटेको जनता समाजवादी पार्टी (जसपा)बाट नयाँ स्वास्थ्य तथा जनसंख्यामन्त्री नियुक्त भएका छन् । अशोक राई नेतृत्वको जसपाका सांसद प्रदीप यादव आइतबार स्वास्थ्यमन्त्री नियुक्त भएका हुन् । सोही पार्टीकी हसिना खान स्वास्थ्य राज्यमन्त्री बनेकी छन् ।

नवनियुक्त स्वास्थ्यमन्त्री यादवले आइतबार नै राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् । उनले नेपालको संविधानको धारा, ८० बमोजिम मन्त्री पदको पद तथा गोपनीयताको शपथ लिएका हुन् । आइतबार नै राष्ट्रपति पौडेलको समुपस्थितिमा प्रधानमन्त्रीसमक्ष नवनियुक्त स्वास्थ्य राज्यमन्त्री खानले पनि नेपालको संविधानको धारा, ८० बमोजिम राज्यमन्त्री पदको पद तथा गोपनीयताको शपथ लिएकी छन् । राष्ट्रपति भवनमा आयोजित शपथ ग्रहण समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाललगायतको उपस्थिति रहेको थियो ।

प्रधानमन्त्रीको सिफारिसमा जसपाका सांसद यादवलाई मन्त्री र खानलाई राज्यमन्त्री पदमा नियुक्त गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यभार तोकिएको छ ।

# कोशी प्रदेशका मुख्यमन्त्रीले पाए विश्वासको मत



**विराटनगर (प्रस)–** कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेशसभाबाट सोमबार विश्वासको मत पाएका छन् ।

सोमबार बसेको प्रदेशसभा बैठकमा कार्कीले ५७ मत प्राप्त गरे । उनको विपक्षमा भने शून्य मत परेको थियो । प्रदेशसभामामा पाँच सदस्य रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी भने तटस्थ बसेको थियो । सोमबारको बैठक प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रदेशसभा सदस्य अनुपस्थित थिए । कूल ९३ सदस्यीय प्रदेशसभामा सोमबार ६२ सांसद उपस्थित थिए ।

कार्की तेस्रोपटक प्रदेश सरकारमा मुख्यमन्त्री बनेका हुन् । यसअघि विश्वासको प्रस्तावमाथि भएको छलफलमा नेकपा एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारी, नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो र नेकपा एकीकृत समाजवादीका कमलप्रसाद जवेगुले विश्वासको प्रस्तावको पक्षमा मन्तव्य राखेका थिए । यसैगरी राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले आफ्नो दल प्रतिपक्षमा बस्ने र मतदानमा तटस्थ बस्ने जनाएका थिए ।

# भन्सार विभागमा धर्ना दिने २२ जना पक्राउ

**काठमाडौं (प्रस)–** भन्सार विभागमा धर्ना दिन पुगेका आम जनता पार्टीका नेता कार्यकर्ता पक्राउ परेका छन् । सोमबार त्रिपुरेश्वरस्थित विभाग परिसरबाट उक्त पार्टीका २२ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

पार्टीका भन्सार नियन्त्रणको नाममा तराई क्षेत्रको जनताको निजी सम्पत्ति जफत गर्ने काम बन्द गर्नुपर्ने माग गर्दै उक्त पार्टीको उपत्यका कमिटीले धर्ना आयोजना गरेको थियो । पार्टीका प्रवक्ता चन्द्र भुषाल शाहले भन्सार कानुनमा रहेको ४५ प्रतिशत पुरस्कारको व्यवस्थाको दुरूपयोग भइरहेकोले त्यो प्रावधान हटाउनुपर्ने आफूहरूको माग रहेको बताए । भन्सार छलीको सूचना दिने व्यक्तिलाई दिने भनिएको पुरस्कारको दुरूपयोग भइरहेको उनको भनाइ छ ।

'आजको धर्ना चौथो चरणको आन्दोलन हो । चार पाँच महिना भइसक्यो । मुख्यतः भन्सार केन्द्रमा रहेको ४५ प्रतिशत लुटकारीतन्त्र व्यवस्था खारेजी गर्नका लागि नै धर्ना आयोजना गरेका हौं । सरोकारवाला निकाय अर्थ मन्त्रालय र प्रधानमन्त्रीसमक्ष पनि यो कुरा पुऱ्याएका छौं,' उनले भने । उनले भन्सार छली गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने तर सर्वसाधारणलाई अनावश्यक दुःख दिन नहुने बताए ।


**कुमारी सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. (चावहिल काठमाडौं) को नाममा रहेको सम्पत्ति (सवारी साधन) लिलाम विक्री सम्बन्धी सिलबन्दी बोलपत्र आव्हान गरिएको ७ (सात) दिने सूचना**

**प्रकाशित मिति : २०८१/०२/०१ गते, मंगलबार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग) चावहिल काठमाडौंको नाममा रहेको तपसिल बमोजिमको सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम विक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरू सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट रितपूर्वक सिलबन्दी बोलपत्र आवहान गरिएको छ ।

**तपसिल**

| क्र.सं. | सवारी साधनको विवरण | बनेको साल | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| १. | Volks wagen (गाडी नं. बा ९ च ७९४८) | २०११ | रु.५००/- |

**लिलामका शर्तहरू :**

१) सिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/- (अक्षरूपी पाँच सय रूपैया मात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।

२) सिलबन्दी बोलपत्रमा भाग लिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८१ साल जेष्ठ ७ गते दिनको ३:०० बजेभित्र मुख्य कार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।

३) सिलबन्दी बोलपत्र २०८१ साल जेष्ठ ८ गते मंगलबार दिनको ३:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरू वा निजले लिखित रूपमा नियुक्त गरेको प्रतिनिधिहरू र अन्य पदाधिकारीहरूको रोहवरमा सिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरिनेछ । बोलपत्र दाताहरू वा निजको प्रतिनिधि समेत उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा उक्त कार्य हुनेछ ।

४) बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरिएको न्ययम ँयच एबथ्कभलत गरिएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पुर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले ब्यहोर्नु पर्नेछ । तोकिएको म्यादभित्र रकम जम्मा गरी आफ्नो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटी रकम फिर्ता हुने छैन ।

५) सिलबन्दी बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनीले सञ्चालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क.वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपीको साथै अख्तियारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्न'पर्ने छ ।

६) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।

७) लिलाम सम्पत्तिको निरीक्षण गर्न चाहेमा सिलबन्दी बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखी सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।

८) कुनै कारण खुलाई वा नखुलाई सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ

९) अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति** :- २०८१/०२/७ गते सोमबार
**सिलबन्दी बोलपत्र खोल्ने मिति** :- २०८१/०२/०८ गते मंगलबार (सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)
**स्थान** : संस्थाको मुख्य कार्यालय चावहिलमा
**समय** : दिउँसो ३.०० बजे

**विस्तृत जानकारीको लागि**
**कुमारी सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.**
(चावहिल)-७, काठमाडौं, फोन नं.०१-४५७८००६, ४५६५१०२
४५६५२५६, ४५६५२७४ मा सम्पर्क गर्नुहोला ।


## जल तथा मौसम विज्ञान विभागको प्रक्षेपण

# वर्षा र तापक्रम सरदरभन्दा बढी हुने

**काठमाडौं (प्रस)–** जल तथा मौसम विज्ञान विभागले आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाएको छ । विभागले आगामी मनसुनी अवस्थाको पूर्वानुमान गर्दै यो मनसुनमा वर्षा सरदरभन्दा बढी र तापक्रम पनि सरदरभन्दा बढी हुने प्रक्षेपण गरेको हो ।

राष्ट्रिय मनसुन फोरम, २०८१ ले आगामी मनसुनी अवस्थाबारे सोमबार आयोजित सार्वजनिक कार्यक्रममा विभागमा मौसमविद् सुदर्शन हुमागाईंले अधिकांश स्थानमा सरदरभन्दा ३५.४ प्रतिशतदेखि ५५.४ प्रतिशत अधिक वर्षा हुने सम्भावना रहेको जानकारी दिए । सुदूरपश्चिम प्रदेशको उत्तरी-पश्चिम भू-भाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भू-भाग, मधेस प्रदेशको मध्य भू-भाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिम भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५.४ प्रतिशतदेखि ६५.५ प्रतिशत छ ।

साथै, कर्णाली प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको मध्य भू-भाग तथा कोशी प्रदेशको उत्तर-पूर्वी भू-भागमा सरदर रहने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ । साथै न्यूनतम तापक्रम देशका अधिकांश स्थानमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ६५.४ प्रतिशत रहेको विभागको अनुमान छ ।

### पूर्वसूचना प्रणालीमा लगानी बढाउन माग

यसैबीच सरोकारवालाहरूले बाढी, पहिरो, डुबानलगायत मनसुनजन्य घटनाबाट हुने क्षति न्यूनीकरण गर्नका लागि पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेको बताएका छन् । जल तथा मौसम विज्ञान विभागले सोमबार यहाँ आयोजना गरेको मनसुन अवधिमा वर्षाको आँकलन सार्वजनिक कार्यक्रममा सरोकारवालाहरूले पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेको औंल्याए । जलस्रोत तथा सिँचाइ सचिव सरिता दुवाडीले ८० प्रतिशत पानी मनसुन अवधिमा पर्ने जनाउँदै मौसम पूर्वानुमान प्रणालीलाई भरपर्दो बनाउनुपर्नेमा जोड दिएकी छन् । उनले पूर्वसूचना प्रणालीलाई अझै बढी व्यवस्थित बनाउन संस्थागत सुधारको आवश्यकता रहेको बताइन् ।

ऊर्जा सचिव सुशीलचन्द्र तिवारीले क्षमता विकास र प्रविधि विकास गर्दै पूर्वसूचना प्रणालीलाई अझै बढी व्यवस्थित र भरपर्दो बनाउनुपर्ने सुझाव दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव सुरजकुमार वैद्यले पनि जल तथा मौसम विज्ञान विभागले मौसम तथा बाढीसम्बन्धी पूर्वसूचना अझै प्रभावकारी रूपमा प्रवाह गर्न जरुरी रहेको बताए । विभागलाई आवश्यक पर्ने जनशक्ति अभाव रहेको भन्दै आवश्यक जनशक्ति र संरचनागत सुधारका लागि आवश्यक रहेको उनको भनाइ छ ।

यसैगरी, जल तथा ऊर्जा आयोगका सचिव केशवकुमार शर्माले मनसुनजन्य घटनाबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्नका लागि व्यापकरूपमा पूर्वतयारी गर्न आवश्यक रहेकोसमेत जानकारी दिए । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले पनि विपद्जन्य घटनाको प्रतिकार्यका लागि पूर्वतयारी तथा पूर्वसूचना प्रणाली व्यवस्थित गर्न आवश्यक रहेको जानकारी दिए । 'यसका लागि बलियो संयन्त्र जरुरी छ । साथै आवश्यक बजेट व्यवस्थापन गर्दै यस क्षेत्रमा लगानी बढाउन जरुरी छ,' उनले भने । विभागका महानिर्देशक डा. जगदीश्वर कर्माचार्यले पनि पूर्वसूचना प्रणालीमा लगानी बढाउन सकेमा अझै बढी भरपर्दो र विश्वासनीय पूर्वसूचना प्रवाह गर्न सकिने बताए ।


**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!**
**शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।**

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**COMPANY: ATLANTIS THE PALM HOTEL AND RESORT, UAE**
**कम्पनी : एट्लान्टिस द पाल्म होटल एण्ड रिसोर्ट, युएई**

Pre Approval Date : 2024-05-09 | पूर्व स्वीकृति मिति : २०८१/०१/२७ | LT. No. 304266 | एल टि न. ३०४२६६ | चलानी नं. ६०२१९२५० | Invoice No. 60219250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 15 | 5 | 1493 | ५४,११५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chamberman/chambermaid/housekeeping Attendent/room | 70 | 30 | 1400 | ५०,७४५ | | | | | | | |
| 3 | Clerk Assistant | 5 | 3 | 1620 | ५८,७१५ | | | | | | | |
| 4 | Cook General | 80 | 20 | 1395 | ५०,५६० | | | | | | | |
| 5 | Customer Service Agent | 25 | 15 | 1350 | ५०,५६० | | | | | | | |
| 6 | Life Guard | 30 | 10 | 1700 | ६१,६१५ | | | | | | | |
| 7 | Marine Officer | 5 | 5 | 1620 | ५८,७१५ | | | | | | | |
| 8 | Receptionist | 0 | 20 | 1680 | ६०,८९० | | | | | | | |
| 9 | Supervisor | 12 | 8 | 3000 | १०८,७३५ | | | | | | | |
| 10 | Waiter | 120 | 0 | 1350 | ५०,५६० | | | | | | | |
| 11 | Waitress | 0 | 50 | 1350 | ५०,५६० | | | | | | | |

The interview will be conducted in the office on 18th May, 2024.
अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते हुनेछ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५००/- रोजगारदाताले व्यहोर्ने — Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **VERMINEX CLEANING AND SERVICES**
पूर्व स्वीकृति मिति २०८१/०१/३१ | LT. No. 304703 | चलानी नं. ६०२१९४६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 3 | 0 | 1000 | ३६६९९ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pest Control Technician | 3 | 0 | 1200 | ४४०३८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



**युएइमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः **ATTAR ALARJWAN TECHNICAL SERVICES CONTRACTING LLC**
पूर्व स्वीकृति मितिः २०८१/०१/३१ | LT. No. 304672 | चलानी नं. ६०२१९४४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1300 | ४७२८७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 10 | 0 | 1300 | ४७२८७ | | | | | | | |
| 3 | STEEL FIXER | 20 | 0 | 1300 | ४७२८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ८ गते (21th Mai 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले — सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GURUNG MAGAR SERVICES PVT. LTD.**
G.P.O. Box: 8975, E.P.C. 2635, Basundhara-5, KTM. Nepal
Govt. Lic. No. 851/066/067
Tel: +977-15903411 , +977-15903412 ,
9851002414 , 9849886526, 9841896927,9851003258,9849832175
regards Email: gmservicesnepal@gmail.com
Website : www.gurungmagarservices.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **SAROS TRADING & CONTRACTING WLL**
पूर्व स्वीकृति मितिः २०८१/०१/३१ | LT. No. 287774 | चलानी नं. ६०२०३२३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 15 | 0 | 2500 | ९१७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले — सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Simrik Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. २२३/०५८/०५९
Sinamangal-9, K.T.M Nepal, Tel: +977- 01-4475336
01-4475337, 985-1227788, 9801031980

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# 'नेता' शिक्षकमाथि शिक्षामन्त्रीको डन्डा

मुलुकमा चरम राजनीतिकरणले गाँजिएको क्षेत्रमध्येको एक हो, शैक्षिक क्षेत्र । सरकारी क्याम्पस र विश्वविद्यालय तहमा त विद्यार्थी संगठनदेखि शिक्षक, प्राध्यापक, कर्मचारीसम्मको राजनीतिक चलखेलले शैक्षिक वातावरण खलबलिएको छ नै, विद्यालय तहसमेत राजनीतिकरणबाट मुक्त छैन । विद्यालयका शिक्षकहरू पार्टीको झण्डा लिएर हिँड्दा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर दयानीय बनेको यथार्थ लुकेको छैन । जागिर विद्यालयमा खाने तर पार्टीको कार्यकर्ता भएर हिँड्ने प्रवृत्तिले विद्यालय शिक्षाको स्तर माथि उठ्न नसकेको हो । उनीहरू राजनीतिक संरक्षणमा कानुनी कारबाहीबाट उम्किँदै आएका थिए । तर अहिले भने उनीहरू कारबाहीमा परिने डरले धमाधम राजनीतिबाट अलग हुन थालेका छन् ।

वर्तमान शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले उनीहरूमा डण्डा चलाउने अभियान थालेकी हुन् । जसको सकारात्मक प्रभाव देखिन थालेको छ । नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट शिक्षामन्त्री बनेकी श्रेष्ठ आशा गरिएका मन्त्रीहरूमध्येमा पर्छिन् । किनभने उनले संसद् र संसदीय समितिहरूमा खेलेको भूमिकालाई लिएर उनको प्रशंसा भइरहेको छ । शिक्षा मन्त्रालयमा पनि उनले केही सुधारको काम गर्ने अपेक्षा गरिएको छ । सोहीअनुसार उनले केही काम पनि थालेकी छन् । जसमध्येको एक राजनीतिक दलको कार्यकारी पदमा रहेका शिक्षकहरूलाई राजनीतिबाट अलग गराउने कार्य थालेकी हुन् ।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक–कर्मचारीलाई दलीय राजनीतिक आबद्धता त्याग्न दिएको निर्देशनको सकारात्मक प्रभाव परेको मन्त्रालयका अधिकारीहरू बताउँछन् । शिक्षक–कर्मचारीले राजनीतिक दलको सदस्यता लिई जिल्ला तहमा दलको कार्यकारिणी समिति सदस्यसमेत भएको भन्ने गुनासोपछि शिक्षामन्त्री श्रेष्ठको यही वैशाख ४ गतेको निर्णयबाट मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत दलीय राजनीतिक आबद्धता त्याग्न निर्देशन दिएकी थिइन् । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिई कार्यकारिणी समिति र महाधिवेशन प्रतिनिधि भई काम गरेको उजुरी र गुनासो प्राप्त आएपछि मन्त्रालयले विद्यमान कानुनी व्यवस्थाले सो कार्यलाई निषेध गरेकाले कानुनको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको हो । शिक्षकहरूले पढाइ हुने समयमासमेत दलीय राजनीतिमा लागेर शैक्षिक गुणस्तर सुधारमा ध्यान नदिएको गुनासो आएपछि मन्त्रालयले कानुनी व्यवस्थालाई पालना गर्न निर्देशन दिएको थियो ।

शिक्षा ऐन २०२८ (नवौं संशोधन), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र शिक्षा नियमावली २०५९ ले शिक्षकलाई राजनीतिक दलमा आबद्धता हुन नपाइने व्यवस्था गरेको छ । सो सम्बन्धमा पाटन उच्च अदालतले २०७९ जेठ ४ मा उक्त कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न–गराउन सरकारका नाममा परमादेश जारी गरेको थियो । कानुनी व्यवस्थाको स्पष्ट उल्लेखसहित जिल्ला तहमा पत्राचार भएपछि दलीय आबद्धतामा रहेका शिक्षकले राजीनामा दिन थालेका छन् । शिक्षामन्त्री श्रेष्ठले 'नेता' शिक्षकमाथि चलाएको डन्डा स्वागतयोग्य छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि यसले सकारात्मक प्रभाव पार्ने देखिन्छ । त्यसैले शिक्षामन्त्रीको यो अभियानमा सबैले साथ दिऔं ।

# जननेता मदन भण्डारी, जबज र सान्दर्भिकता



मनोहर कार्की

मदनका विचारहरू सामयिक थिए, समाजवादी आन्दोलनलाई नयाँ शिराबाट व्याख्या र विश्लेषण गर्ने कुशल भाष्यकारका रुपमा लिन सकिन्छ उनलाई । विशेषत: पश्चिमा विश्वमा आएको उदारवाद तथा खुला राजनीतिक प्रतिस्पर्धामा समाजवादी विचारलाई कसरी स्थापित गर्न सकिन्छ र तात्कालिक पूर्वी युरोपलगायत सोभियत संघको विघटन र अवसानपछि विश्व कम्युनिस्ट आन्दोलन नै अवसानको मार्गमा थियो । पुनर्जागरणको टड्कारो प्रतिछायाँमा नवीन वैचारिक सोपान जनताको बहुदलीय जनवाद अर्थात् जबज थियो । जबजको प्रयोग र व्याख्याको व्यावहारिकता पुष्टि गर्न मदन सफल भए ।

नेपालको राजनीतिमा पृथक परिचय जननेता मदन भण्डारीको आयामलाई लिन सकिन्छ । कम्युनिस्ट आन्दोलनलाई नयाँ दिशाबोध दिने जनताको बहुदलीय जनवाद (जबज)का प्रणेताका रूपमा राजनीतिक वृत्तमा यो परिचित नाम हो । कम्युनिस्ट आन्दोलन र त्यसका सैद्धान्तिक पाटाका समयोचित विश्लेषण गर्ने सिद्धान्तकारका रूपमा नेता मदनलाई लिन सकिन्छ । भण्डारी कुशल संगठक, सिद्धान्तनिष्ठ र व्यावहारिक नेताका रूपमा लौलिक जीवनकालमा जति परिचित भए, उनको असामयिक, स्तब्धमय तथा अप्रत्यासित निधनले तात्कालिक नेपालको राजनीतिमा अपुरणीय क्षति भयो ।

मदनको जन्म पिता देवीप्रसाद र माता चन्द्रकुमारी भण्डारीको माइलो पुत्रका रूपमा वि.सं. २००९ असार १४ गते ताप्लेजुङको ढुंगेसाँघुमा भएको थियो । २०१५ सालमा गाउँको स्थानीय हिउँदे पाठशालाबाट औपचारिक शिक्षा आरम्भ गरेका मदन सानैदेखि तीक्ष्ण बुद्धिका थिए । राजनीति र सामाजिक रूपान्तरणमा गहिरो रुचि रहेका मदन कम्युनिस्ट चरित्र र मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादी विचारबाट निकै प्रभावित भई तात्कालिक नेकपा मालेका उच्च नेताका रूपमा स्थापित भए । जनआन्दोलन २०४६ मा वाममोर्चाबाट सक्रिय मदन बहुदलीय व्यवस्थाको पुनःस्थापनापश्चात् तात्कालिक नेकपा माले र मनमोहन अधिकारी नेतृत्वको नेकपा मार्क्सवादीको एकतापश्चात् गठन भएको नेकपा एमालेको शक्तिशाली महासचिव भए । लेनिनद्वारा स्थापित पहिलो मार्क्सवादी सिद्धान्तमा आधारित सोभियत कम्युनिस्ट व्यवस्था असफल भएपछिको कम्युनिस्ट आन्दोलनको रक्षात्मक अवस्थामा नेपालमा कम्युनिस्ट आन्दोलनको सिर्जनात्मक प्रयोगधर्मी विचारक मदनले जनताको बहुदलीय जनवाद बहुलवादी राजनीतिक प्रतिस्पर्धाका आधारशीला स्थापित गरे ।

प्रजातन्त्र पुनःस्थापनाका लागि भएको जनआन्दोलन २०४६ पश्चात् बहुदलीय शासन व्यवस्थाको स्थापना तथा नेपाल अधिराज्यको संविधान,२०४७ नेपाली जनताले प्राप्त गरेपश्चात् सम्पन्न भएको व्यवस्थापिका संसद्को पहिलो निर्वाचनमा विजयी भई संसद् सदस्यका रूपमा नेता मदन लौकिक जीवनको असामयिक मृत्युअघिसम्म दुई वर्ष संसद् सदस्य हुनुबाहेक अरू सार्वजनिक पद लिएनन् । जसका कारण उनलाई बाहिरी दुनियाँले कमै चिनेको सन्दर्भमा सन् १९९१ मा विश्वप्रसिद्ध अमेरिकी पत्रिका न्युजविकले उनको अन्तर्वार्ता छाप्यो । मदनको विरलै आउने अन्तर्वार्तामध्येमा थियो उक्त पत्रिकामा प्रकाशित अन्तर्वार्ता । जसले मदनका विचार, मार्क्सवादको सामयिक प्रयोग, नेपालको कम्युनिस्ट आन्दोलनका विविध आयाममा उनका सारपूर्ण विचार प्रकाशित भयो ।

त्यो ऐतिहासिक अन्तर्वार्ता 'नेपालमा कार्ल मार्क्स बस्नुहुन्छ' भन्ने शीर्षकमा सम्प्रेषण भएको थियो । साथै, उनको निधनको केही समयअघि भारतको कोलकातामा सन् १९९३ मा सम्पन्न भएको विश्वका २४ देशका कम्युनिस्ट पार्टीको सम्मेलनमा मदनको मार्क्सवादी चिन्तन र दृष्टिकोण सम्बन्धमा सारपूर्ण कार्यपत्र प्रस्तुत भएको थियो । मदनको विचार २१औं शताब्दीको कम्युनिस्ट आन्दोलन र मार्क्सवादको सामयिक र व्यावहारिक धरातलमा उभिएको राजनीतिक सिद्धान्त र दर्शनका रूपमा स्थापित भयो । जनताको बहुदलीय जनवाद जुन संक्षिप्तमा 'जबज'का रूपमा स्थापित भएको छ । नेकपा एमालेले आफ्नो राजनीतिक तथा वैचारिक सिद्धान्तका रूपमा स्वीकार गरी यसलाई स्थापित गरेको छ । उनको जबजको विचारलाई एमालेको पाचौं राष्ट्रिय अधिवेशनले अनुमोदन गरेपश्चात् उक्त पार्टीको आधिकारिक वैचारिक तथा सैद्धान्तिक विचारधाराका रूपमा निरन्तर अघि बढाइएको छ । साथै, जबजको विचार नेपालको कम्युनिस्ट आन्दोलनमा एक महत्त्वपूर्ण समयसापेक्ष विचार र राजनीतिक आधारशीलाका रूपमा स्थापित भएको छ । जबज विचार नेपालको भूराजनीतिक अवस्था तथा मार्क्सवादको सान्दर्भिक व्याख्या र उपयोगका आधारमा मार्क्सवादी सिद्धान्तको आधार सिद्धान्तसमेत बनको छ ।

वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनका अघि-पछिका राजनीतिक घटनाका विकासक्रमसँगै संयुक्त जनआन्दोलनका सफलतापश्चात् नेपालमा ३० वर्षीय निरंकुश पञ्चायती व्यवस्थाको अवसान र खुला राजनीतिक परिवेशमा बहुदलीय व्यवस्थाको पुनःस्थापनाले नयाँ युगको थालनी भयो । तात्कालिक नेकपा मालेबाट नेकपा एमाले हुँदै दलीय राजनीतिको अभ्यासले निखारिन माथापच्ची गरिरहेको एमालेका महासचिवजस्तो प्रभावशाली नेतृत्व सम्हालेका नेता मदनले कम्युनिस्ट विचारको वैचारिक धरातलमा पृथक राजनीतिक विचार जबजलाई एमालेको विचार र मार्गदर्शक सिद्धान्तका रूपमा अघि सारे । कम्युनिस्ट आन्दोलनको वैचारिक आयामको प्रायोगिकतालाई हालको नेकपा एमाले र एमालेबाट विभाजित नेकपा एकीकृत समाजवादीले पनि वैचारिक तथा सैद्धान्तिक आधारशीलाका बीउपुँजीका रूपमा लिई आएका छन् ।

चितवनको दासढुंगामा २०५० जेठ ३ गते जननेता मदन तथा अर्का प्रभावशाली नेता जीवराज आश्रितको अकल्पनीय तथा स्तब्धमय निधनले सिंगो मुलुक भावविह्वल तथा स्तब्ध रह्यो । राजनीतिक वृत्त, सञ्चार क्षेत्र तथा आमजनताले त्यो स्तब्धकारी घटनालाई निकै कारुणिक परिदृश्यको दुर्घटनाका रूपमा लिए । त्यो क्षति सिंगो मुलुक र नेकपा एमाले पार्टी तथा कम्युनिष्ट आन्दोलनका लागि थियो । अकल्पनीय निधनको घटना कसैले पनि सहजरूपमा लिन सक्ने अवस्था थिएन । नेपाली राजनीतिको एक नायकको इहलिला समाप्त भयो तर उनका विचार, कम्युनिस्ट सिद्धान्त तथा मूल्यको वैचारिक राजनीति नेपाली राजनीतिमा चीरस्थायी रहला नै । विश्व कम्युनिस्ट आन्दोलनमा उनीद्वारा प्रतिपादित जबज नीतिले फरक पहिचानसहित नयाँ उचाइ प्राप्त गर्‍यो । जबजको प्रतिपादकका रूपमा नेपाली जनता र विश्व कम्युनिस्ट आन्दोलनको क्षेत्रमा मदन चीरस्मरणीय रहने छन् । मार्क्सवादी विचारको नवीनतम् प्रयोग विचार र मूल्य, जनसंगठन र जनताका प्रतिनिधिमूलक संस्थाका माध्यमबाट अघि बढाउने मान्यताको प्रयोग उनले गरे । त्यो मार्क्सवादको वैज्ञानिकता र गतिशीलताको अभ्यासको निरन्तरता पनि थियो । मार्क्सवादलाई गतिशील तथा समयानुकूल प्रयोगको आयामका रूपमा जबजको सिद्धान्त रहनसक्यो ।

जबज बहुलवाद र बहुविचारको पृष्ठभूमिमा अन्य विचार र सिद्धान्तलाई पनि प्रतिस्पर्धाको खुला राजनीतिमा बोध र स्वीकार गरियो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनको उपलब्धिपश्चात् पुनःस्थापित बहुदलीय व्यवस्था र संविधानमा व्यवस्था भएको जनताको प्रतिनिधिमूलक संस्था व्यवस्थापिका संसद् तथा तल्लो तहका स्थानीय निकायको प्रत्यक्ष निर्वाचनमा नेकपा एमाले सहभागी भयो । जबजको वैचारिक धरातलमा राजनीतिक प्रतिस्पर्धामा भाग लिएर जनताका निर्वाचित संस्थाका माध्यमबाट शासन र विकासमा सहभागिताको स्वस्थ अभ्यास तात्कालिक एमालेले गर्‍यो । साथै, पछिल्लोपटकको प्रतिनिधिसभा र स्थानीय तह निर्वाचनमा एमाले मुलुकको दोस्रो ठूलो दल तथा नेपाली राजनीतिको प्रमुख शक्तिका रूपमा स्थापित हुनसक्यो । यसलाई उनको विचार र सिद्धान्तको जनस्वीकृतिका रूपमा लिन सकिन्छ ।

मदन वैचारिक सिद्धान्तकार थिए नै । उनको मान्यता 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनुपर्दछ' भन्ने थियो । साथै 'अनुशासनविनाको स्वतन्त्रता स्वेच्छाचारी हुन्छ र स्वतन्त्रताविनाको अनुशासन निरंकुशतन्त्र हुन्छ' भन्ने मान्यतालाई उनले जोडदार रूपमा पैरवी गरे । क्रान्ति यथास्थितिको मात्रात्मक विकल्प होइन त्यो गुणात्मक पद्धति र राज्य सञ्चालनको उत्कृष्ट अभ्यास हुनुपर्छ भन्ने मान्यता स्थापित गरे । उनमा 'मास पोलिटिकल लिडर' (जननेता)को गुण पनि कम थिएन । बहुदलीय व्यवस्थाको पुनःस्थापनापछिको पहिलो व्यवस्थापिका संसद्को निर्वाचनका दौरानमा मदनको मास पोलिटिकल लिडरमा हुनुपर्ने क्षमता आमनेपाली जनताले देखेकै हुन्, अनुभव गरेकै हुन् । समकालिक राजनीतिक वृत्तमा कुशल र प्रखर वक्ताको छवि बनाउन सफल भए ।

कुशल संगठक भएर नं पञ्चायती निर्दलीय (एक दलीय) व्यवस्थाको प्रतिकूल परिस्थितिमा पार्टी संगठन चलायमान गर्ने चुनौती लिए । राजनीतिक आयाम र परिस्थितिको मिहीन विश्लेषण क्षमताले तात्कालिक नेकपा माले र नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी) नेपाल कम्युनिस्ट पार्टी एकीकरण सम्भव भयो । साथै, एकीकृत पार्टी नेकपा एमालेको महासचिवको महत्त्वपूर्ण जिम्मेवारी मदनले कुशलतापूर्वक निर्वाह गरे ।

मदनका विचारहरू सामयिक थिए, समाजवादी आन्दोलनलाई नयाँ शिराबाट व्याख्या र विश्लेषण गर्ने कुशल भाष्यकारका रूपमा लिन सकिन्छ उनलाई । विशेषतः पश्चिमा विश्वमा आएको उदारवाद तथा खुला राजनीतिक प्रतिस्पर्धामा समाजवादी विचारलाई कसरी स्थापित गर्न सकिन्छ र तात्कालिक पूर्वी युरोपलगायत सोभियत संघको विघटन र अवसानपछि विश्व कम्युनिस्ट आन्दोलन नै अवसानको मार्गमा थियो । पुनर्जागरणको टड्कारो प्रतिछायाँमा नवीन वैचारिक सोपान जनताको बहुदलीय जनवाद अर्थात् जबज थियो । जबजको प्रयोग र व्याख्याको व्यावहारिकता पुष्टि गर्न मदन सफल भए । समग्र कम्युनिस्ट आन्दोलन र समाजवादी विचारको पुनर्चिन्तनको अग्रज अभियन्ता भन्दा फरक नपर्ला ।

विचारको स्वीकर्यता र अस्वीकार्यताका पाटा फरक-फरक होलान्, र रहलान् । जनताको बहुदलीय जनवादको विचार विगत लामो समयदेखि नेपाली कम्युनिस्ट आन्दोलनको राजनीतिक अभ्यास तथा प्रयोगमा जीवन्त रहँदै आएको छ । मार्क्सवादी चिन्तनले गतिशीलता र द्वन्द्वात्मकतालाई बोकेको छ । विचार र सिद्धान्तको द्वन्द्वात्मकता, वर्गीय पहिचानको आवश्यकतालाई मार्क्सवादको आधार मानिन्छ । मार्क्सवादको प्रायोगिकताको धरातलमा जनताको बहुदलीय जनवादको व्याख्या र प्रयोग हुनुमा कसैको फरक मत नरहला ।

हिजो कार्ल मार्क्सले पनि हेगेलको द्वन्द्ववाद र फायरबाखका भौतिकवादी सिद्धान्त र विचारलाई संश्लेषण गर्दै मार्क्सवादी कम्युनिस्ट सिद्धान्त उजिल्याएका हुन् । नेपाली कम्युनिस्ट राजनीतिका एक शिखर व्यक्तित्व मदनको सिद्धान्त 'जबज'को प्रायोगिकता र एक हदसम्म मार्क्सवादको सान्दर्भिक उपयोगको आयामेली पाटो रहिरहला । जसले नेपाली कम्युनिस्ट आन्दोलन र विश्व कम्युनिस्ट आन्दोलनमा स्पष्ट प्रभाव छोडेको छ ।

*(लेखक मानवशास्त्री तथा अधिवक्ता हुन्)*




# सिंहऽदरबार : फुटबल मैदान !

सिंहदरबार हो कि तारबार हो भन्ने कुरा अहिले कौतुहलताको विषय बनेको छ । दरबार भनौं भने दरबारजस्तो पनि छैन ! तारबार भनौं भने कंक्रिट नै कंक्रिटले ढाकेको छ । कुनैबेला खेलमैदान थियो भित्रियाहरूका लागि । कुनै कुनामा फुटबल कुनै कुनामा भलिबल जे पनि खेल्थे ।

अहिले परिस्थिति फेरियो ! सिंहऽदरबार होइन, साइँदुवाहरूका लागि गोठ बनिरहेको छ । त्यसमाथि पनि साइँदुवाहरूलाई गोठमा धकेल्नसमेत गाह्रो, गोरु चुटेजस्तै चुट्नुपर्ने । चुट्दै र पिट्दै भए पनि गोठमा लगेपछि निस्कनै नमान्ने !

यिनका पारा देखेर माल्दाइ बेलाबेलामा मुर्छित नै पो हुन्छन् त । यता माल्दाइ मुर्छित हुँदा उता माकु काका पनि पुर्पुरोमा हात राखिरहेका छन् । सिंहऽ गोठमा साइँदुवाहरूलाई हुलेको हुल्यै । को-को अट्छन् को-को भाग्छन् भन्ने नै माकु काकालाई पत्तो नहुने । सिंहऽ गोठ बनाउने एउटा थाम बोकेरै भए पनि धानिरहेका माकु काका विलखबन्दमा परेका छन् ।

विचरा ! 'खाऊँ भने दिनभरको सिकार नखाऊँ भने कान्छा बाउको अनुहार' जस्तै भएको छ । सिंहऽ गोठ बनाउने काँधमा बोकेको थाम नबोकौं गोठै चुर्लुम्मै हुने, बोकौं आफ्नो अस्तित्व नै मेटिने अवस्थाको सामना गर्नुपर्ने ।

सिंह गोठमा आजकल गोरुहरूलाई पाल्ने र फाल्ने क्रम बढेको छ । सिंह गोठमा बस्न चाहने गोरु भैंसीहरूले पहिला जस्तो थारो बस्न पाउने छैनन् । सधैं दुधालु हुनुपर्ने नियम नै बसेको छ । त्यही भएर होला गोठको मालिकसँग जुन पशु रिसाएर शिर जोत्न खोज्छ त्यसलाई त किमा नै बनाइदिने रैछ !

फुटबल मैदानजस्तो बल मन परे च्याप्ने मन नपरे मैदानबाट उडाइदिने ? सिंह गोठमा अहिले विभिन्न प्रजातिका जनावरहरू पालिएका छन् । २०४६ सालसम्म एउटै प्रजातिका जनावरहरू गोठमा हुँदा कि परालमात्र खान पाउथें कि घाँसमात्र । तर अहिले गोठमा विभिन्न प्रजातिका जनावरहरू पालिएका छन् । कुनै जर्सी गाईहरू छन् त कुनै मुर्रा भैंसी, कुनै होलिस्टिन गाईमात्र कहाँ हो र वोयर जातका बाख्रा पनि छन् । लोकल भेँडाहरूको जात नै पाउन मुस्किल छ । त्यसैले तिनीहरूलाई घाँस, पराल दाना पनि लोकलले नहुने भइसक्यो । त्यही भएर अहिले त घाँस पनि स्वदेशी होइन 'हाइब्रिड' वाला विकासे नै खान पाउँछन् ।

स्थानीय जातको जनावर भएको भए पो ढुटो, पिठो चल्थ्यो, अहिले त जसरी भए पनि उही उतैबाट आको दाना ख्वाउनुपर्ने । कम्ती महँगो भाको छ र भन्या सिंह गोठमा पाल्न । जति प्रजातिका भए पनि सबै थारा परे । ख्वाउनुमात्र पर्ने आम्दानी केही पनि नदिने । बरू सिंगौरी खेलेर गोठको भित्रै भत्काइदिने थारा जनावर सिंहऽ गोठमा भएपछि कसको बाउको के लाग्छ !

खै आजकल गोठमा खान्की राम्रो भएन कि दाना गतिलो परेन ! कुँडो ख्वाउने नुन पो राम्ररी हाल्दिएन कि किन हो सिंह गोठका जनावरहरू फेरिएका फेरियै नै छन् । महिना दुई महिनामा नै गोठमा विभिन्न प्रजातिका जनावर आउने जाने भएपछि त्यो गोठको कसलाई माया ?

माकु काकाले राम्रै व्यापार होला कि भनेर नयाँ गोठतिर सरेका थिए । विचरा फलिफाप नै भएन । अहिले त माकु काकाले पालेका जनावर पनि खोले नै खान छाडिसके । काकालाई आफ्नै बाख्राका पाठाहरूले चिथोर्न थालिसके । काकाले त्यत्ति राम्रो गोठमा आफू बस्न नसक्ने भएर पो काकाले भतिजहरूलाई सुम्पेका हुन् कि भतिजहरूले काकालाई तीन बल्डचाङ गर्न खोजेका छन् ।

आजकल सिंहऽगोठमा के-के चल्या छ, छ ! पालिएका जनावर पनि विश्वासिलो नभएर फालिएको फालिऐ छ । खै माकु काका पनि छब्बुसँग निकै त्रसित भएको देखिएका छन् । छब्बुले कुनबेला माकुलाई पनि डोकामा राखेर भिरबाट खसालिदिने हो भने भन्ने नै शंका पो उब्जिन थालेको छ ।

छब्बु आफू सुरक्षित नभएर नै विभिन्न प्रजातिका भेँडा बाख्राहरूको व्यवस्था गर्दै छन् । छब्बुले चालचलन बुझेका छन् कि छैनन् । गोठमा राख्दै निकाल्दै गरिरहन्छ । छब्बुले सिंह गोठलाई फुटबल मैदान बनाउँदै छन् । दुई-चार प्रजातिका जनावरलाई फेरि गोठबाट गलहत्याएका छन् । मुंग्रै मुंग्राले हानेर गोठबाहिर निकालेका छन् ।

छब्बुको गोठाला फेर्ने बानीले गर्दा नै फुटबल खेलाको जस्तो खेलाको खेलाइ छन् । कहिले कुन जनावर आउँछ, जान्छ थाहा छैन । समस्याले गुजुल्टो पारेको छ । नानाथरीका जनावर भएर पनि साथ दिने सम्भावना छैन ।

खेलाडीले कर्नरमा राखेर फुटबल हानेजस्तै भएको छ । सिंहऽगोठमा फुत्त-फुत्ता देको छ देको छ । कहिले पूर्व फुत्त, कहिले पश्चिम फुत्त । फुत्तफुत्त हान्देको भए सबै खलास हुन्थे । सरकारले गोठ सुधारलगायतका कार्यक्रम नै सकाउने प्रपच्च ।

सिंहऽगोठमा रमाउनेहरू धेरै समाउन योजना भइसकेको छ । कुनबेला बेपत्ता हुने हो थाहा नहुन सक्छ । मैदानमा बसेर खेलाडीलाई दानाका लागि फोन गरेको गर्‍यै छन् । को आउने हो को जाने हो भन्ने कुरा नै स्पष्ट भएकाले पनि आफ्नो भुण्टो भने राम्ररी भर्ने छन् ।

गोठ भनेको गोठ नै हो । यो गोठभित्र को-को छ र तिनीहरूलाई पालै पालो घोक्रे ठ्याक लगाउने ? कसैले सपना देखेको छ भने त्यो सम्भव छैन । अब सपना विपना आउने भने भेटिएन । जे भो राम्रै भो । अरुलाई सही कदम लाग्यो भने तयार हुनुहुन्छ तपाईंका दिन सुरु गरे । सिंहगोठमा आफ्नो जनावरलाई तह लगाऊ काम आफैंबाट गर्नुपर्छ । यी सबै भ्रमहरू क्रमशः जागिर खान देको छ । हात्तीजति नै ठूलो भए पनि सानो कमिलाले नै ठीक पार्छ भन्ने कुरालाई आत्मसात् गर्दा ठीक हुन्छ । जय सिंहऽ, जय गोठ ।

## मनन्योग्य

### विदुर नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाइ र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' क्रमशः

# दुर्गा मन्दिर : परियारले बनाए, गैरदलितले सघाए



**तनहुँ–** ब्यास नगरपालिका-१३ बेलवासका परियार गैरदलितको सहयोगमा दुर्गा भवानीको मन्दिर स्थापना गरी हिन्दू धर्म संरक्षण अभियानमा जुटेका छन् । बेलवास बेनिकोट परियार समाजमा आबद्ध ३७ घरका आफूहरूले हिन्दू धर्मको सारलाई भावी पुस्तासम्म बचाइराख्न गरेको अभियानमा स्थानीय गैरदलितबाट साथ र सहयोग मिलेको समाजका प्रमुख सल्लाहकार धनबहादुर परियारले बताए । मन्दिर निर्माणका लागि आफूहरूले करिब छ आना क्षेत्रफललाई संरक्षण गरेकोसमेत परियारले जानकारी दिए ।

'सदियौंदेखि मान्दै आएको हिन्दू धर्म छाडेर अन्य धर्म अँगाल्न चाहनेहरूको चाप समाजमा बढ्दै गयो,' प्रमुख सल्लाहकार परियारले भने, 'त्यसैले परियार समाजका सबै भेला भई हिन्दू धर्मलाई नै बचाइराख्नुपर्छ भनेर दुर्गा मन्दिर बनाउन जुटचौं ।' वडाध्यक्ष वसन्त आले, स्थानीय वर्च्याङ्दी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष यमबहादुर आलेबाट, सचिव सिर्जना तिवारी र स्थानीय मिलन टोल विकास संस्थाका अध्यक्ष सुमित्रा बगाले लगायतबाटसमेत मन्दिर बनाउन साथ र सहयोग पाएपछि आफूहरू मन्दिर बनाउन अघि बढेको परियार समाजका अध्यक्ष मनबहादुर परियारले बताए ।

उक्त मन्दिर निर्माणका लागि हालसम्म करिब पाँच लाख रूपैयाँ खर्च भएको समाजले जनाएको छ । नगरपालिकाको कार्यालय र वडा नं १३ कार्यालयबाट ५०/५० हजार रूपैयाँ प्राप्त भएको र अन्य रकम स्वेच्छिक चन्दाबाटै जुटाइएको अध्यक्ष परियारको भनाइ छ । 'सनातनदेखि मान्दै आएको हिन्दू धर्मको संरक्षणमा हामी पनि जुट्नुपर्छ भनेर मन्दिर निर्माणमा अग्रसर भएका हौं,' समाजका अध्यक्ष परियारले भने, 'मन्दिर निर्माणको अभियानमा टोलका सबै गैरदलितले साथ र सहयोग मिल्दा निकै खुसी लागेको छ ।'

परियार समाजले गरेको मन्दिर निर्माण कार्यमा आफूले पनि एक हजार ५०० रूपैयाँ चन्दा प्रदान गरी ऐक्यबद्धता जनाएको मिलन टोल विकास संस्थाकी अध्यक्ष सुमित्रा बगालेले बताइन् । परियारले समुदायले मन्दिर निर्माण गरे पनि सबै जातजातिका मानिसले सहभागी भई पूजापाठ गर्नुपर्नेमा उनले जोड दिइन् ।

'परियारहरूले मन्दिर बनाएर रचनात्मक काम गर्नुभएको छ,' टोल विकास संस्थाकी अध्यक्ष बगालेले भनिन्, 'अब सबै मिलेर संयुक्त पूजापाठ गरी धार्मिक एकताको सन्देश दिन आवश्यक छ ।' मच्छिन्द्रनाथ रथयात्राको दिन पारेर शनिबार नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतको सहभागितामा पञ्चेबाजासहित बजार परिक्रमा गरी दुर्गाको मूर्तिमा प्राणप्रतिष्ठा गरिएको थियो ।

नगरप्रमुख न्यौपानेले समाजमा विभेदमा परेको समुदायलाई उत्थानका लागि नगरपालिकाले विभिन्न कार्यक्रम ल्याएको बताए । 'दलित समुदायले मन्दिर बनाउने प्रस्ताव ल्याएपछि हामीले सहयोग नगरी बस्न सकेनौं,' नगरप्रमुख न्यौपानेले भने, 'मन्दिर निर्माणपछि मानिसलाई सत्मार्गमा लाग्न प्रेरणा मिल्ने हाम्रो बुझाइ हो ।' *रासस*

# मुख्यमन्त्री सोडारीले बिहीबार विश्वासको मत लिने



**सुदूरपश्चिम (प्रस)–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले आगामी जेठ ३ गते बिहीबार बस्ने प्रदेशसभा बैठकमा विश्वासको मत लिने भएका छन् । मुख्यमन्त्रीले विश्वासको मत लिनका लागि जेठ ३ गते बिहान १०:३० बजे प्रदेशसभाको बैठक बस्ने सूचना सोमबार टाँस गरिएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले जानकारी दिए ।

यसअघि यही वैशाख २१ र २२ गते मुख्यमन्त्रीले विश्वासको मत लिन बोलाइएको बैठक स्थगन गरिएको थियो । सत्ता साझेदार नेकपा एमालेले आफूहरूको तयारी नपुगेको र थप छलफल गर्नुपर्ने अडान राखेपछि बैठक स्थगित गरिएको थियो । एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले जेठ ३ गतेको बैठकमा मुख्यमन्त्री सोडारीलाई विश्वासको मत दिने/नदिनेमा एमाले अझै टुंगोमा पुग्न नसकेको बताए । उनले भने, 'केन्द्रदेखि प्रदेश तहसम्मका सरकारको समीकरणको सन्दर्भ छ, मुख्यमन्त्रीले विश्वासको मत लिने तरिकामा भर पर्छ, विश्वासको मत लिनेले समन्वय गर्न पनि जान्नुपर्‍यो ।'

यही वैशाख ६ गते मुख्यमन्त्रीमा नियुक्त सोडारीले संविधानअनुसार एक महिनाभित्र (जेठ ५ गतेभित्र) विश्वासको मत लिइसक्नुपर्छ । यसअघि विश्वासको मत लिने तयारी गरेका सोडारीलाई असंवैधानिक ढंगले मुख्यमन्त्रीमा नियुक्त गरिएको जिकिर गर्दै नेपाली कांग्रेस संसदीय दलले मुख्यमन्त्रीले विश्वासको मत लिन खोजे अवरोध सिर्जना गर्ने निर्णय गरेको थियो । नागरिक उन्मुक्ति पार्टी (नाउपा) संसदीय दलका प्रमुख सचेतक खुसीराम डगौराले मुख्यमन्त्रीले लिने विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन (ह्वीप) जारी गरेका थिए । नाउपामा देखिएको आन्तरिक किचलो अझै साम्य हुन सकेको छैन ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टीका दुई सदस्य, स्वतन्त्र सदस्य डा. तारा जोशीको समर्थनमा नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता सोडारी सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका थिए । त्रिपन्न सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका १८, माओवादी केन्द्रको सभामुखबाहेक १०, एमालेका ११, नागरिक उन्मुक्ति पार्टीका सात, एकीकृत समाजवादीका चार, राप्रपाको एक र एक स्वतन्त्र सदस्य छन् ।

# सहकारीको ८० लाख लुटेको आरोपमा दुईजना पक्राउ

धनुषा (प्रस)- जनकपुरमा सहकारीको ८० लाख रूपैयाँ लुटेको आरोपमा दुईजना पक्राउ परेका छन् । प्रहरीले धनुषाका जनक महतो र श्रवण कापरलाई आइतबार पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक रञ्जन अवाका अनुसार दुवैजनालाई जनकपुरबाट पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरूबाट लुटेकोमध्ये १४ लाख ५३ हजार रूपैयाँ बरामद गरेको उनले बताए ।

गत वैशाख २४ गते जनकपुरधाम उपमहानगरपालिका -१९ थुमौनास्थित पोखरीबाट धनुषाको सबैला-१२ रघुनाथपुरस्थित शुभश्री बचत तथा ऋण सहकारीको ८० लाख रूपैयाँ लुटिएको थियो । सहकारीका कर्मचारी वीरेन्द्रकुमार महतोले जनकपुरको हिमालय बैंकबाट ८० लाख रूपैयाँ रकम निकालेर लग्दै गरेको अवस्थामा नम्बर प्लेट नखुलेको मोटरसाइकलमा सवार तीन जनाले रकम भएको झोला लुटेर फरार भएका थिए । घटनाबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARKWAY INTERNATIONAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८१/०१/३१ | LT. No. 304566 | चलानी नं. ६०२१९४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 20 | 0 | 1200 | २८,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | block mason | 30 | 0 | 1200 | | | | | | | | |
| 3 | Female Cleaner | 0 | 20 | 1000 | | | | | | | | |
| 4 | GENERAL WORKER | 20 | 0 | 900 | | | | | | | | |
| 5 | PLASTER MASON | 30 | 0 | 1200 | | | | | | | | |
| 6 | Steel Welder | 20 | 0 | 1300 | | | | | | | | |
| 7 | WATER PROOFING | 20 | 0 | 1300 | | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. १२८९/०७४/०७५

Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL GHAMD TRADING & SERVICES

पूर्व स्वीकृति मिति २०८१/०१/३० | LT. No. 304609 | चलानी नं. ६०२१९४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 2 | 1000 | ३६,६९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOUR SERVICES | 8 | 0 | 1000 | ३६,६९९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**

श्रम ईजाजत नं. 1587/079/80

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Majid Abdul Majeed Al Faraj General Contracting Est

पूर्व स्वीकृति मिति : २०८१/०१/३० | LT. No. 304663 | चलानी नं. ६०२१९४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A BUILDER | 3 | 0 | 1200 | ४२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Cold Air Technology Foundation for Air Conditioning and Refrigeration

पूर्व स्वीकृति मिति : २०८१/०१/३० | LT. No. 304662 | चलानी नं. ६०२१९४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heating,ventilation&air Conditioning Technicia | 02 | 0 | 1500 | ५३,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौ मिति: २०८१ जेठ १५ गते ( 28th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TESLA OVERSEAS PVT.LTD.**

Govt. License 1638/080/81

Sinamangal 9, Kathamandu, Nepal, Tel : 01-1-5920966/5920965 , Mobile: 9802353778, 9802353777 Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Wadha Manahi Bin Faris Al-Baqami Trading Establishment

पूर्व स्वीकृति मिति २०८१/०१/३० | LT. No. 304699 | चलानी नं. ६०२१९४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 4 | 0 | 120 | ४२,७४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**

Govt. License 387/059/060

Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal

Tel: +01-5914513

Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com

Website: www.paradeshioverseas.com.np



## युएई र कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०८०/०७/२२ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/३१ | LT. No.294823 | चलानी नं. ६०२०९९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 60 | 0 | 140 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : THE VALET LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२३ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/३१ | LT. No.297731 | चलानी नं. ६०२१२८३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EAD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | customer service representative | 96 | 0 | 1100 | ४०,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 145 | 0 | 1400 | ५०,९२५ | | | | | | | |
| 3 | kitchen helper | 25 | 0 | 900 | ३२,७३७ | | | | | | | |
| 4 | Revenue Assistant | 10 | 0 | 2000 | ७२,७५० | | | | | | | |
| 5 | Shift Supervisor | 25 | 0 | 2000 | ७२,७५० | | | | | | | |
| 6 | waiter | 25 | 0 | 1100 | ४०,०१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**

श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14

Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mohammed Al-Barghash Al-Mansoori and Sons Trading and Contracting Company

पुर्व स्वीकृति मिति २०८०/०८/२७ | पुन: स्वीकृति मिति २०८१/०१/३१ | LT. No. 296425 | चलानी नं ६०२१४४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Buldozer Operator | 1 | 0 | 3000 | १०६९०९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | construction agent | 24 | 0 | 1000 | ३५६३६ | | | | | | | |
| 3 | Driver Heavy Equipment | 10 | 0 | 1800 | ६४१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.**

श्रम ईजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031

Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पुर्व स्वीकृति मिति २०८०/१०/२१ | पुन विज्ञापन मिति:२०८१/०१/३१ | LT. No. 299392 | चलानी नं. ६०२१४३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSIN. EXCUTIVE | 0 | 1 | 3000 | १,१०,०९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,७४७ | | | | | | | |
| 3 | GEN.CLEAN WORKER | 22 | 20 | 1000 | ३६,६९९ | | | | | | | |
| 4 | Gen.Director | 1 | 0 | 6000 | २१०,१९४ | | | | | | | |
| 5 | LABOURER | 32 | 0 | 1000 | ३६,६९९ | | | | | | | |
| 6 | PAINTER | 1 | 0 | 1200 | ४४,०३८ | | | | | | | |
| 7 | PLASTER WORKER | 2 | 0 | 1200 | ४४,०३८ | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | ९१,७४७ | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९१,७४७ | | | | | | | |

कम्पनी : BHANU CLEANING AND CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/०९/१६ | पुन विज्ञापन मिति:२०८१/०१/३१ | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ACCOUNTANT GEN | 0 | 1 | 3600 | १,४६,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BUIDLING WORKER | 3 | 0 | 1000 | ३६,६९९ | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,०३८ | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५५,०४८ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ३,६६६६ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,७४७ | | | | | | | |
| 7 | GENERAL CLEAN WORKER | 8 | 1 | 1000 | ३६,६९९ | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६९९ | | | | | | | |
| 9 | LABOUR | 24 | 0 | 1000 | ३६,६९९ | | | | | | | |
| 10 | LABOUR SERVICES | 5 | 0 | 1000 | ३६,६९९ | | | | | | | |
| 11 | MASON | 6 | 0 | 1200 | ४४,०३८ | | | | | | | |
| 12 | PAINTER | 3 | 0 | 1200 | ४४,०३८ | | | | | | | |
| 13 | PLASTER WORKER | 3 | 0 | 1200 | ४४,०३८ | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५५,०४८ | | | | | | | |
| 15 | SUPER VISOR | 4 | 0 | 3000 | १,१०,०९७ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा जेठ ८ गते (21th May)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900

Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com




## प्रमोदले ल्याए 'दिलको क्यामरा'

एक समयको चर्चित ब्याण्ड 'निर्वाण एन्ड म्युजिक लिंक'का गायक प्रमोद निर्वाणको नयाँ गीत 'दिलको क्यामरा' सार्वजनिक गरिएको छ। आफ्नै शब्द, संगीत र उदयराज पौडेलको एरेन्जमा तयार गीतको भिडियो पनि बनेको छ। जसमा प्रमोदको अलवा अम्बिका तामाङ र महेश मुखियाको अभिनय छ। भिडियोमा मौलिक नेवारी कलासंस्कृति पस्किएको छ। प्रमोद भण्डारीको कोरियोग्राफी, निशल पौडेलको छायांकन रहेको भिडियोमा विकास दाहालको सम्पादन छ। भिडियोको निर्देशन युवराज वाइबाले गरेका हुन्।





# मिस युनिभर्स नेपालका लागि आवेदन खुला




■ प्रभाव संवाददाता

**काठमाडौं–** सौन्दर्य प्रतियोगिता मिस युनिभर्स नेपालका लागि आवेदन खुलेको छ। सोमबार काठमाडौंको सोल्टी क्राउन प्लाजामा आयोजित पत्रकार सम्मेलनमा 'मिस युनिभर्स नेपाल २०२४' का लागि आवेदन खुलेको जानकारी आयोजक ग्लोबल ग्ल्यामर भेन्चरले दिएको हो।

प्रतियोगिताको आवेदन जेठ १ गतेदेखि असार १ गते सम्म खुल्ला रहनेछ। इच्छुक महिलाहरूले खल्ती एप अथवा मिस युनिभर्सको आधिकारिक सामाजिक सञ्जालमा राखिएको वेबसाइटमार्फत अनलाइन फारम भरेर आवेदन पेश गर्न सक्छन्। आवेदन खुला हुने अवधि भर सातै प्रदेशमा विभिन्न कार्यक्रमहरू पनि सञ्चालन गरिने आयोजकले जानकारी दिएको छ।

उच्च माध्यमिक शिक्षा पूरा गरेका १८ वर्षभन्दा माथिका महिलाहरूले प्रतियोगितामा आवेदन दिन पाउनेछन्। उचाइ, तौल र वैवाहिक स्थिति जस्ता अन्य कुनै कुराहरूको प्रतिबन्ध नभएको मिस युनिभर्समा नेपालीको साथै गैर आवासीय नेपाली महिलाहरूले पनि सहभागिता जनाउन पाउनेछन्।

सहभागीहरूले अन्तिम प्रतियोगिता अघि विभिन्न प्रशिक्षणहरू प्राप्त गर्ने छन्। सर्वप्रथम असार १८ गते प्रतिस्पर्धाको उत्कृष्ट ६० प्रतिस्पर्धी छानिनेछन् र असार २७ गते मिनी गाला कार्यक्रमको आयोजना गरेर उत्कृष्ट ३० प्रतिस्पर्धी छानिनेछन्। त्यसैगरी साउन १६ गते शीर्ष २२ छानिनेछ भने उनीहरूको लागि भदौ ९ गते बन्द प्रशिक्षण शिविर सञ्चालन गरिनेछ। प्रतियोगिताको फाइनल भने भदौ १५ गते हुनेछ। यस पटकको मिस युनिभर्स नेपालको ग्रान्ड फिनालेमा मिस युनिभर्स २०२३ शेन्निस पलासिओसको पनि उपस्थिति रहनेछ।

प्रतियोगितामा उत्कृष्ट ६० सहभागीहरूले २ दिने प्रशिक्षण प्राप्त गर्ने छन् भने त्यहाँबाट छानिएका शीर्ष २२ प्रतिस्पर्धीहरूलाई अन्तर्राष्ट्रिय सौन्दर्य प्रशिक्षक एलेक्जेन्डर गोन्जालेजले १५ दिने प्रशिक्षण प्रदान गर्नेछन्। प्रतियोगिताका विजयीहरूलाई भने उनले भदौ २४ गतेसम्म विशेष प्रशिक्षण प्रदान गर्नेछन्। मिस युनिभर्स नेपाल २०२४को विजेताले नोभेम्बर २०२४ मा मेक्सिकोमा आयोजना हुन लागेको ७३ औं मिस युनिभर्स २०२४ मा नेपालको प्रतिनिधित्व गर्नेछिन्।

मिस युनिभर्स नेपाल २०२४ को आधिकारिक रेजिस्ट्रेसन पार्टनरको रूपमा खल्ती रहेको छ भने स्किन केयर पार्टनरको रूपमा मिस युनिभर्स स्किन केयर रहेको छ। त्यसै गरी नेपाल पर्यटन बोर्ड आधिकारिक टुरिज्म पार्टनर रहेको छ।

# कान्स फिल्म फेस्टिभलमा सहभागिता जनाउन फ्रान्सतर्फ बालेन

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाह फ्रान्समा आयोजना हुने कान्स फिल्म फेस्टिभलमा सहभागी हुने भएका छन्। कान्समा सहभागिता जनाउन बालेन दुई जना सल्लाहकारसहित फ्रान्सतर्फ प्रस्थान गर्दैछन्।

महानगर प्रमुख बालेनसँग कुमार व्यञ्जनकार र सुनिल लम्साल पनि फ्रान्स जाने भएका हुन्। कान्सका मेयर डेभिड लिसनार्डको निमन्त्रणामा फ्रान्स जान लागेका बालेनले फेस्टिभलमा तीन दिन बिताउने कार्यक्रम छ। बालेनले त्यो अवधिमा फेस्टिभलका विभिन्न गतिविधिहरूमा सहभागिता जनाउने बताइन्छ। मेयर लिसनार्ड र फेस्टिभल निर्देशकसँग उनको भेटवार्ता समेत हुँदैछ। बालेनले फेस्टिभलको रेड कार्पेट तथा प्रीमियरमा समेत सहभागिता जनाउने निश्चित भएको छ।

बालेनको सम्मानमा कान्सको मल्टिमिडिया लाइब्रेरीमा रिसेप्सनको समेत आयोजना गरिने बताइन्छ। बालेनले कान्स फिल्म फेस्टिभलको क्रममा अडियो-भिजुअल कन्टेन्ट क्रिएसन चेनको अवलोकन समेत गर्ने कार्यक्रम पनि तय भएको छ।

यसअघि, गत वर्षको कात्तिक महिनामा युनेस्कोले नेपालको संघीय राजधानी काठमाडौंलाई 'फिल्मको रचनात्मक सहर' को रूपमा सूचीकृत गरेको छ। फ्रान्सको कान्स पनि फिल्मको क्रिएटिभ सिटीको रूपमा सूचिकृत भएको सहर हो। त्यसैले कान्सका मेयरले बालेनलाई पठाएको निमन्त्रण पत्रमा फेस्टिभल फिल्मको क्रिएटिभ सहरलाई एक ठाउँमा ल्याउने अवसरको रूपमा उल्लेख गरेका छन्।

आज १४ मे अर्थात जेठ १ गतेदेखि २५ मे अर्थात जेठ १२ गते शनिबारसम्म आयोजना हुने कान्स फिल्म फेस्टिभलमा नेपालमा छायांकन भएको फिल्म 'द सेमलेस' अन रिगार्ड विधा तथा नेपाली भाषाको फिल्म 'ताराः अ लस्ट स्टार' मार्केट स्क्रिनिङ विधामा छनोट भएका छन्।

# 'पूर्ण राई एण्ड दाजुभाइहरू' पोखरामा गुञ्जँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांगीतिक व्याण्ड 'पूर्ण राई एण्ड दाजुभाइहरू'ले आगामी शनिबार अर्थात जेठ ५ गते पोखरास्थित किङ्स लन्जमा प्रस्तुती दिने भएको छ। पोजेटिभ भाइब्स इन्टरनेमेन्ट नेटवर्क(पीभीई)को व्यवस्थापनमा हुन लागेको कार्यक्रममा व्याण्डले आफ्ना गीत पोखरेली दर्शकमाझ सुनाउन लागेको हो।

सृष्टि श्रेष्ठको व्यवस्थापकीय व्याण्डमा पुर्ण राई भोकलिष्ट, देगोसकुमार राई बशिष्ट, सुमेक योन्जन ड्रमर, सुसन कार्की गितारिष्ट र इयान थुलुङ राई फ्लुट छन्।

देगोस, सुमेक र पूर्ण धरानका हुन् भने सुसन उर्लाबारी र इयान काठमाडौंका हुन्। व्याण्डले नेपाल र भारतका ५० बढी स्थानमा आफ्नो सोलो शो गरिसकेका छन्। यो व्याण्डले चाँडै नै अष्ट्रेलिया टुर पनि गर्दैछ।

व्याण्डले हालैमात्र 'परिभाषा' बोलको गीत सार्वजनिक गरेको थियो। यो गीत युट्युबको ट्रेन्डिङमा पनि परेको थियो। श्रोताले गीतमा प्रयोग गरिएको शब्द र संगीतको मेलोडीलाई मनपराएका थिए।

किङ्स लन्ज पोखराका प्रबन्ध निर्देशक ध्रुव केसीले पोखरामा व्याण्डको लाइभ प्रस्तुती हुनु लन्ज र पोखराका लागि नयाँ स्वाद हुने बताए।



**ललितपुर वुमन्स च्याम्पियनसिप**

# सुदूरपश्चिम र एपिएफ विजयी

■ प्रभाव संवाददाता



**काठमाडौं–** ललितपुर मेयर महिला क्रिकेट प्रतियोगिताको सोमबार सम्पन्न दोस्रो खेलमा सुदूरपश्चिम प्रदेशले जित हासिल गरेको छ। कीर्तिपुरस्थित अन्तर ाष्ट्रिय क्रिकेट मैदानमा खेलिएको खेलमा सुदूरपश्चिम प्रदेशले कोशी प्रदेशलाई १९ रनले हराएको हो। जारी प्रतियोगितामा सुदूरपश्चिम प्रदेशको यो लगातार दोस्रो जित हो। यसअघि आफ्नो पहिलो खेलमा सुदूरपश्चिम प्रदेशले ललितपुर मेयर-११ लाई 'डकवर्थ एन्ड लुइस' नियमका आधारमा १६ रनले हराएको थियो।

सुदूरपश्चिम प्रदेश दुई खेलबाट चार अंक बटुल्दै तालिकाको दोस्रो स्थानमा आसीन छ। समान खेलबाट समान अंक बटुलेको एपिएफ क्लब तालिकाको पहिलो स्थानमा छ। सुदूरपश्चिम प्रदेश नेट रन रेटमा एपिएफ क्लबसँग पछि परेको हो।

कोशी प्रदेशको भने प्रतियोगितामा यो लगातार दोस्रा हार हो। यसअघि आफ्नो पहिलो खेलमा कोशी प्रदेशको टोली एपिएफ क्लबसँग २४ रनले पराजित भएको थियो। कोशी प्रदेश अंक तालिकाको चौथो स्थानमा आसीन छ।

सोमबारको खेलमा टस जिती पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित ओभरमा आठ विकेट गुमाएर एक सय १२ रन बनाएको थियो। सुदूरपश्चिमका लागि सम्झना खड्काले अर्धशतक बनाएकी थिइन्। उनले ५१ बलमा चार चौकाको मद्दतले ५४ रन बनाइन्। उनी प्लेयर अफ दी म्याच पनि घोषित भइन्।

सुदूरपश्चिमका लागि रितु कनौजियाले पनि २३ रनको योगदान गरिन्। कप्तान बिन्दु रावलले १४ रन बनाइन्। कोशी प्रदेशकी बलर सबनम राई, हिरनमयी रोय र सङ्गीता राईले दुई-दुई विकेट लिए। सुदूरपश्चिमले अतिरिक्त रूपमा पनि ११ रन पायो।

जवाफी ब्याटिङमा ओर्लिएको कोशी प्रदेशले भने निर्धारित ओभरमा सात विकेट गुमाएर ९३ रन मात्र बनाउन सक्यो। कोशी प्रदेशका लागि काजल श्रेष्ठले ३३ र कप्तान अप्सरी बेगमले २३ रन बनाएका थिए। अन्य ब्याट्रले भने दोहोरो अंकमा रन बनाउन सकेनन्। सुदूरपश्चिमका बलर रितु कनौजिया, लक्ष्मी साउद, जानकी थापा र बिन्दु रावलले एक-एक विकेट लिए।

### एपिएफको दोस्रो जित

सशस्त्र प्रहरी बलको एपिएफ क्लबले सफलता हात पारेको छ। कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा खेलिएको खेलमा एपिएफ क्लबले बागमती प्रदेशलाई आठ विकेटले हराएको हो। जारी प्रतियोगितामा एपिएफ क्लबको यो लगातार दोस्रो जित हो। यसअघि आफ्नो पहिलो खेलमा एपिएफले कोशी प्रदेशलाई २४ रनले हराएको थियो। बागमतीको भने यो दोस्रो हार हो। यसअघि आफ्नो पहिलो खेलमा बागमतीको टोली ललितपुर मेयर-११ सँग सात विकेटले पराजित भएको थियो।

एपिएफ क्लब चार अंकसहित तालिकाको पहिलो स्थानमा आसिन छ। दोस्रो स्थानमा आसिन सुदूरपश्चिम प्रदेशले एक खेलबाट दुई अंक बटुलेको छ। ललितपुर मेयर-११ दुई खेलबाट दुई अंक बटुल्दै तालिकाको तेस्रो स्थानमा छ।

सोमबारको खेलमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको बागमती प्रदेशले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर ७३ रन बनाएको थियो। जवाफी ब्याटिङमा ओर्लिएको एपिएफ क्लबले भने ११ ओभरमै केवल दुई विकेट गुमाएर विजयलक्ष्य पुरा गर्यो। एपिएफ क्लबको जितमा ओपनर ममता चौधरीले अविजित ३५ रनको योगदान गरिन्। उनले ३२ बलको सामना गरी पाँच चौका पनि हिर्काइन्। कप्तान सीता रानामगरले १० बलमा दुई चौकाको मद्दतले ११ रन बनाइन्।

ईन्दू बर्माले पनि टोलीको खातामा १७ रन थपिन्। उनले १२ बलमा तीन चौका प्रहार गरिन्। राजमती ऐरी १० रनमा अविजित रहिन्।

# ओलम्पिकमा छानिएका प्रिन्सको तयारीबारे घिसिङको चासो

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले पेरिस ओलम्पिकका लागि वाइल्ड कार्ड मार्फत छनोट भएका ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाललाई भेट गरी आगामी तयारी योजना बारे जानकारी लिएका छन्।

उक्त अवसरमा सदस्य-सचिव टंकलाल घिसिङले थप तयारीका लागि अन्तर्राष्ट्रिय सहभागिता, प्रशिक्षण, खेल सामाग्रीलगायतका विषयमा चासो व्यक्त गरेका थिए। भेटका क्रममा प्रशिक्षणका लागि प्रिन्स दाहालले माग गरेका खेल सामाग्री राखेपले तत्काल उपलब्ध गाराएको छ।

नेपालका ब्याडमिन्टन स्टार प्रिन्स दाहाल पेरिस ओलम्पिक २०२४ खेल्ने भएका छन्। उनी पेरिस ओलम्पिक २०२४ मा छनोट हुने पहिलो नेपाली खेलाडी समेत बनेका छन्।

जुनियर विश्व वरीयताका पूर्व नम्बर १ खेलाडी प्रिन्स युनिभार्सलिटी कोटाबाट ओलम्पिक खेल्ने पक्का भएको हो। योसँगै १९ वर्षीय प्रिन्स ब्याडमिन्टनबाट ओलम्पिक खेल्ने पहिलो नेपाली खेलाडी बन्ने भएका हुन्।

ओलम्पिक अन्तर्गत ब्याडमिन्टनमा यसपटक पुरुष ८३ र महिला ८३ सहित १ सय ६६ नियमित कोटा, ३ युनिभार्सलिटी कोटा र एक ओलम्पिक रिफ्युजी कोटामार्फत खेलाडी छनोट हुदै छन्।

प्रिन्स आफ्नो पुरानो प्रदर्शनको आधारमा युनिभार्सलिटी कोटा मार्फत ओलम्पिक खेल्ने भएका हुन्। प्रिन्ससँगै युनिभार्सलिटी कोटामा पुरुषतर्फ सुरीनामका सोरेन ओप्ति र महिलातर्फ माल्दिभ्सकी अब्दुल रजाक फथिमाथले खेल्नेछन्। ओलम्पिक २०२४ फ्रान्सको राजधानी पेरिसमा यसै जुलाई २६ देखि अगस्ट ११ सम्म आयोजना हुँदैछ।

# चर्च ब्वाइज र आर्मीलाई एएफसी क्लब लाइसेन्स

**काठमाडौं (प्रस)–** 'ए' डिभिजन क्लब चर्च ब्वाइज युनाइटेड र त्रिभुवन आर्मीले एएफसी क्लब लाइसेन्स प्राप्त गरेका छन्। क्लब इजाजतपत्र इकाई निर्णय गर्ने निकाय फर्स्ट इन्स्टेन्स बडी (एफआईबी)ले चर्च ब्वाइज र आर्मीलाई २०२४/२०२५ का लागि क्लब लाइसेन्स दिएको अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनाएको हो।

योसँगै शहीद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन्स चर्च ब्वाइजलाई एएफसी कपमा नेपालको प्रतिनिधित्व गर्ने बाटो खुलेको छ। यसपटक चर्च ब्वाइजले नै एएफसी कपमा सहभागिता जनाउने एन्फाले जानकारी दिएको छ।

क्लब फुटबलको न्यूनतम मापदण्डमा आफ्नै खेल मैदान, प्रशिक्षण मैदान र एकेडेमी हुनैपर्छ। तर, नेपालको शीर्ष डिभिजनका अधिकांश क्लबसँग आफ्नै मैदान र एकेडेमी छैन।

यही कारण 'ए' डिभिजनका दुई क्लबबाहेक अन्यले लाइसेन्स पाएनन्। गत वर्ष दुई विभागीय टोली आर्मी र एपिएफसँगै साविक उपविजेता मछिन्द्रले मात्रै क्लब लाइसेन्स पाएका थिए।

अघिल्लो वर्षपनि यी तीन क्लबले मात्र लाइसेन्स पाएका थिए। यसपटक एपिएफ र मछिन्द्रले क्लब लाइसेन्स प्राप्त गर्न सकेनन्।

गत वर्षको लिग विजेता चर्च ब्वाइजसँग एफसी क्लब लाइसेन्स नहुँदा उपविजेता मछिन्द्र फुटबल क्लबले एएफसी कप छनोट खेल्ने मौका पाएको थियो।

आशिष चौधरी (चर्च ब्वाइज), आयुष घलान (संकटा), एरिक विष्ट (संकटा), लाकेन लिम्बू (थ्रीस्टार), मेसुके ओलमोउ (खुमलटार), सनिष श्रेष्ठ (एपिएफ), रेजिन सुब्बा (खुमलटार) र रोहित सुब्बा (खुमलटार)सहित ८ जना नयाँ खेलाडी अनुबन्ध गर्दै बलियो टोली बनाएको मछिन्द्र प्रारम्भिक चरणको दोस्रो राउन्डसम्म पुगेको थियो।



दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रको उत्तरी भागमा अवस्थित छ्याङटाङ राष्ट्रिय प्रकृति संरक्षण क्षेत्रअन्तर्गत पहाडको टुप्पोमा हिँडिरहेका तिब्बती मृगहरू । *तस्बिरः सिन्हवा*

# रुसको आवासीय भवनमा आक्रमण, १५ जनाको मृत्यु

**बेलगोरोड (रूस)–** रुसको दक्षिणपश्चिमी सहर बेलगोरोडमा सोमबार १० तले आवासीय अपार्टमेन्ट भवन आंशिकरूपमा क्षतिग्रस्त हुँदा कम्तीमा १५ जनाको मृत्यु भएको रूसी समाचार एजेन्सी तासले रूसी आपत्कालीन मन्त्रालयको बयानलाई उद्धृत गर्दै बताएको छ । समाचारअनुसार आइतबार भएको 'युक्रेनी आक्रमण' पछि भवन ढलेको हो ।

यसअघि बेलगोरोड र यसका उपनगरहरूमा आइतबार युक्रेनी सशस्त्र बलले ठूलो गोलाबारी गरेको थियो । खसालिएको टोच्का-यू सामरिक मिसाइलका टुक्राहरूले आवासीय भवनलाई क्षति पुर्‍याउँदा भवनको एउटा भाग ढलेको स्रोतले जनाएको छ ।

यसैगरी रुसको दक्षिणपश्चिमी सहर बेलगोरोडमा आंशिकरूपमा ध्वस्त भएको आवासीय अपार्टमेन्ट भवनमा खोजी र उद्धार कार्य सम्पन्न भएको रूसी आपत्कालीन मन्त्रालयका प्रवक्ताले बताए । उनका अनुसार १७ जनाको भग्नावशेषबाट उद्धार गरिएको थियो भने भग्नावशेषमुनिबाट १५ जनाको शव निकालिएको थियो ।

यसअघि आपत्कालीन मन्त्रालयले दुई बच्चासहित १२ जनालाई घटनास्थलबाट उद्धार गरिएको बताएको थियो । बेलगोरोडका गभर्नर व्याचेस्लाभ ग्ल्याडकोभले टेलिग्राममा पोस्ट गरेको भिडियोमा ठूलो प्वाल भएको भवन ढलेको देखाइएको छ । युक्रेनी सेनाले गरेको 'बृहत् बम विस्फोट' को निन्दा गर्दै उनले आवासीय भवनमा प्रत्यक्ष गोलाबारीपछि दशौं तलादेखि भुइँतलासम्मको सम्पूर्ण प्रवेशद्वार ढलेको बताए ।

रूसी रक्षा मन्त्रालयले सामाजिक सञ्जालमा भवनमा टोच्का-यू टिआरसी मिसाइलको टुक्रा खसेको बताएको थियो । बेलगोरोड क्षेत्रमा हवाई सुरक्षाले धेरै रकेट खसालिएको र दुईवटा ड्रोन छुट्टै घटनामा नष्ट भएको पनि अलजजिराले जनाएको छ । *रासस/एएनआई*

# केजरीवाललाई मुख्यमन्त्री पदबाट हटाउन माग गरेको अपिल खारेज



**नयाँदिल्ली–** सर्वोच्च अदालतले सोमबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लान्ड्रिङ मामिलामा प्रवर्तन निर्देशालय (इडी) ले पक्राउ गरेको कारण अरविन्द केजरीवाललाई दिल्लीको मुख्यमन्त्रीको पदबाट हटाउन माग गरिएको अपिल खारेज गरेको छ ।

न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपंकर दत्ताको संयुक्त इजलासले यस्ता मुद्दामा जान नसकिने र यो दिल्लीका लेफ्टिनेन्ट गभर्नरले हेर्ने विषय भएको बताएको छ । इजलासले भनेको छ, 'यो सबैमा हामी कसरी जाने ? लेफ्टिनेन्ट गभर्नरलाई कारबाही गर्न दिनुहोस्, कुनै कानुनी अधिकार छैन ।'

गत हप्ता इजलासले जुन १ मा दिल्लीमा हुने आगामी लोकसभा चुनावलाई ध्यानमा राख्दै केजरीवाललाई अन्तरिम जमानत प्रदान गरेको थियो । तथापि इजलासले केजरीवालले मुख्यमन्त्रीका रूपमा काम गर्न नसक्ने जनाउँदै कुनै पनि आधिकारिक फाइलमा हस्ताक्षर गर्न वा मुख्यमन्त्रीको कार्यालय प्रयोग गर्न नसक्ने बताएको थियो । यसअघि दिल्ली उच्च अदालतले इडीले पक्राउ गरेपछि केजरीवाललाई दिल्लीको मुख्यमन्त्री पदबाट हटाउन निर्देशन दिन माग गरेको अपिललाई खारेज गरेको थियो । अपिलकर्ताले अदालतलाई राजनीतिक घेरामा तान्ने प्रयास गरिरहेको दिल्ली उच्च अदालतले बताएको थियो ।

आम आदमी पार्टी (आप) का राष्ट्रिय संयोजक तथा दिल्लीका मुख्यमन्त्री केजरीवाललाई सर्वोच्च अदालतले शुक्रबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लन्ड्रिङ मामिलामा जुन १ सम्मका लागि अन्तरिम जमानत प्रदान गरेको छ । आम चुनावको समयतालिका घोषणा भएको केही दिनपछि मार्च २१ मा मुद्दाका सम्बन्धमा इडीद्वारा पक्राउ परेपछि उनले कारागारमा ५० दिनभन्दा बढी बिताए ।

जमानत जुन १ सम्म लागू हुने छ । केजरीवालले जुन २ मा अधिकारीहरूसमक्ष आत्मसमर्पण गर्नुपर्ने छ । इजलासका अनुसार दिल्लीका मुख्यमन्त्रीले चुनावी अभियानमा भाग लिन सक्ने छन् तर मुख्यमन्त्रीका रूपमा आफ्नो कार्यालयमा उपस्थित हुन सक्ने छैनन् । दिल्लीको सात संसदीय निर्वाचन क्षेत्रमा मे २५ मा एकै चरणमा लोकसभा निर्वाचन हुँदै छ । मतगणना जुन ४ मा हुने छ । *रासस/एएनआई*

# अस्ट्रेलियाको मूल्यवृद्धि तीन प्रतिशतभन्दा कम हुने अनुमान

**क्यानबेरा–** अस्ट्रेलियाको मुद्रास्फीति (मूल्यवृद्धि) दर सन् २०२४ को अन्त्यसम्ममा केन्द्रीय बैंकको लक्ष्य ब्यान्डमा फर्किने सरकारको प्रक्षेपण छ । ट्रेजरीले आइतबार जारी गरेको प्रक्षेपणअनुसार मुद्रास्फीति दर डिसेम्बरसम्म २.७५ प्रतिशत र सन् २०२५ को अन्त्यसम्ममा २.५ प्रतिशतमा झर्ने छ ।

ट्रेजरीले सरकारलाई सल्लाह दिने र अस्ट्रेलियालीका लागि बलियो र दिगो आर्थिक र वित्तीय परिणामहरू प्राप्त गर्न नीति र कार्यक्रमहरू लागू गर्दछ । सन् २०२४-२५ को संघीय बजेटअघि जारी गरिएको आधिकारिक तथ्यांकलाई कोषाध्यक्ष जिम चाल्मर्सले मंगलबार राति हस्तान्तरण गर्ने छन् । ट्रेजरी प्रक्षेपणले मुद्रास्फीति दर अस्ट्रेलियाको रिजर्व बैंकको लक्ष्य ब्यान्डमा २-३ प्रतिशतको ब्यान्डमा फिर्ता आउने छ । यो बैंकले मेको सुरुमा प्रकाशित गरेको दृष्टिकोणमा पूर्वानुमान गरेको थियो । 'मुद्रास्फीति अझै पनि अर्थतन्त्रमा सबैभन्दा ठूलो निकट-अवधि चुनौती हो, त्यसैले सरकारले यसका लागि केही गरिरहेको छ,' चाल्मर्सले आइतबार विज्ञप्तिमार्फत भने ।

अस्ट्रेलियन ब्युरो अफ स्टाटिस्टिक्सको पछिल्लो तथ्यांकअनुसार मार्चको अन्त्यसम्मको १२ महिनामा मुद्रास्फीति ३.६ प्रतिशत रहेको थियो । जुन सन् २०२३ को डिसेम्बरको अन्त्यसम्ममा ४.१ प्रतिशत थियो । ट्रेजरी तथ्यांकले आगामी दुई वर्षको आर्थिक वृद्धि प्रक्षेपणलाई पनि कम गरेको छ । *रासस/सिन्हवा*

# इन्डोनेसियामा बाढीबाट मर्नेको संख्या ४१ पुग्यो

**तानाह दातार (इन्डोनेसिया)–** सप्ताहन्तमा पश्चिमी इन्डोनेसियामा ज्वालामुखीबाट आएको आकस्मिक बाढी र चिसो लाभा प्रवाहबाट प्रभावित भई मृत्यु हुनेको संख्या ४१ पुगेको छ । घटनामा परी थप १७ जना बेपत्ता भएको स्थानीय विपद् एजेन्सीका अधिकारीले सोमबार एएफपीलाई बताएका छन् ।

घन्टौंसम्म परेको भारी वर्षाका कारण शनिबार साँझ इन्डोनेसियाको सबैभन्दा सक्रिय ज्वालामुखीमध्येको एक सुमात्रा टापुको दुई जिल्लामा ठूलो ज्वालामुखीपछि चट्टान खस्दा सडक, घर र मस्जिदहरू जलमग्न भएका छन् ।

'गत रातिको आँकडाअनुसार हामीले ३७ शव रेकर्ड गरेका छौं तर आज बिहान यो संख्या बढेर ४१ पुगको छ,' पश्चिम सुमात्रा विपद् न्यूनीकरण एजेन्सीका अधिकारी इल्हाम वहाबले सोमबार एएफपीलाई भने । उनका अनुसार अझै पनि उद्धारकर्ताहरूले बेपत्ता १७ जनाको खोजी गरिरहेका छन् । यसमा अगम जिल्लामा तीन र तानाह दातारमा १४ जना छन् । दुवै जिल्ला बाढीबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हुन् । यहाँ लाखौं मानिस बस्छन् ।

अधिकारीहरूले मानिसहरूलाई आफन्तहरूको लगायत सुरक्षित स्थनामा जान प्रोत्साहित गरेका कारण इल्हामले खाली गरिएका स्थानीयहरूको संख्या भने पुष्टि गर्न सकेनन् । उनले पहिले, पीडितहरूको खोजी र उद्धार, गरी दोस्रो चरणमा विस्थापितहरूको सुरक्षा, कमजोर मानिसहरूको सुरक्षामा केन्द्रित रहेको बताए । 'हाम्रो ध्यान सबैभन्दा पहिला पीडितहरूको खोजी र उद्धारमा छ, दोस्रो निकालिएका र कमजोर मानिसको सुरक्षामा छ,' उनले भने ।

स्रोतका अनुसार जिल्लाका सडकहरू नदीमा परिणत भएका छन् भने मस्जिद तथा घरहरू क्षतिग्रस्त भएका छन् । भारी वर्षाले छेउछाउका इलाकाहरूलाई माटोसहितको बाढीको पानीले डुबाएको छ र नजिकैको नदीमा सवारीसाधनहरू बगाएको छ । ज्वालामुखीको खरानी र ठूला चट्टानहरू माउन्ट मारापीबाट तल झरेका छन् । लहर पनि भनिने चिसो लाभा खरानी, बालुवा र कंकडसहितको ज्वालामुखीय सामग्री हो र यिनीहरू वर्षाले ज्लालामुखीको ढलानमुनि आउँछन् । अधिकारीहरूले बेपत्ता पीडितहरूको खोजी गर्न र मानिसहरूलाई आश्रयस्थलमा लैजान उद्धारकर्ता र रबर डुंगाहरूको टोली पठाएका छन् । स्थानीय सरकारले आगम र तानाह दातारका धेरै क्षेत्रमा निकासी केन्द्र र आपत्कालीन चौकीहरू स्थापना गरेको छ । *रासस/एएफपी*


## UAE मा रोजगार PLUS SEVEN CONTRACTING LLC, UAE पून: विज्ञापन

पुर्व स्विकृति मितिः 2080.8.05 चलानी नं. ६०२१०२९७ LT No. 295299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber Assistant | 03 | काममा दक्ष | 1000 | 36380 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 06 | | 1000 | 36380 | | | | | | | |
| 3 | Tile Layer | 06 | | 1000 | 36380 | | | | | | | |
| 4 | Electrician Assistant | 05 | | 1000 | 36380 | | | | | | | |
| 5 | Brick Layer Assistant | 05 | | 1000 | 36380 | | | | | | | |
| 6 | Cement Mixer | 05 | | 1000 | 36380 | | | | | | | |
| 7 | Steel Fixer | 0 | | 1000 | 36380 | | | | | | | |
| 8 | Painter | 5 | | 1000 | 36380 | | | | | | | |
| 9 | Cane Furniture Maker | 5 | | 1000 | 36380 | | | | | | | |
| 10 | Plumber | 5 | | 1000 | 36380 | | | | | | | |
| 11 | Eletrician | 5 | | 1000 | 36380 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ जेठ ८ गते (21 May 2024) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्चः नि:शुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Electric Burger Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०१/३१ LT. No.304649 चलानी नं.६०२१९४७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen helper | 5 | 0 | 90 | ३९०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI AMER MOBAMMED AL SARHAN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०५/२८ पूनः विज्ञापन स्वीकृति मिति २०८१/०१/३१ LT. No. 292521 चलानी नं. ६०२१८९४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 1 | 0 | 1000 | ३५६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AGAPE BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति २०८१/०१/३० LT No : 304664 चलानी नं ६०२१९४४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 150 | ६५,१६४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 1 | 150 | ६५,१६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI AAC BLOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/३० LT. No. 304680 चलानी नं. ६०२१९४१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 14 | 0 | 1000 | ३५,६२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOUR ROLLS RESTAURANT

पूर्व स्वीकृति मितिः २०८१/०१/३१ LT. No. 304715 चलानी नं. ६०२१९४८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३५,६२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ८ गते (21th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः रु. १००००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३८१०० | प्रति तोला – १३७४५० | प्रति तोला – १७१५ |

## कर्पोरेट

### नागरिक लगानी कोष र चिरायु हस्पिटलबीच सम्झौता



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र चिरायु नेशनल हस्पिटल एण्ड मेडिकल इस्टिच्युट प्रा.लि.बीच सेवा प्रदान गर्ने सम्झौता भएको छ । सम्झौतामा कोषको निमित्त कार्यकारी निर्देशक शोभा श्रेष्ठ र हस्पिटलका तर्फबाट अपरेसन डाइरेक्टर सि.एन.बैद्यले हस्ताक्षर गरेका हुन् ।

अब कोषका सहभागी, सेयरधनी, कर्मचारी र उनीहरूका आश्रित परिवारलाई चिरायु हस्पिटलले औषधोपचारमा छुट दिने छ । कोष सञ्चालक समितिका सदस्य, कोष कर्मचारी, र कर्मचारीका आश्रित परिवारले बेडमा १०, डाइग्नोष्टिकमा १०, औषधि खरिदमा ५ प्रतिशत छुट पाउने छन् भने उपत्यका भित्र नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने सम्झौतामा उल्लेख छ । सहभागी र सहभागीका परिवारलाई बेडमा १०, डाइग्नोष्टिकमा १०, औषधि खरिदमा ५ र एम्बुलेन्स सेवामा २५ प्रतिशत छुट दिइने पनि सम्झौतामा उल्लेख गरिएको छ ।

### कुमारी बैंक र निको बाल अस्पतालबीच सम्झौता




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेड र भरतपुर, चितवन स्थित निको बाल अस्पताल बीच कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूलाई निको बाल अस्पतालबाट प्रदान गरिने सेवाहरूमा विशेष छुट प्रदान गर्ने समझदारी भएको छ । यस सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूले सो निको बाल अस्पतालबाट सेवा लिए बापत कुनै पनि भुक्तानी कुमारी बैंकको डेबिट/क्रेडिट कार्ड अथवा क्यूआरद्वारा गर्दा १५ प्रतिशत छुट प्राप्त गर्न सकिनेछ । यस सुविधाबाट सेवाग्राहीहरूले गुणस्तरिय सेवा प्राप्त गर्नुका साथै अधिकतम लाभ समेत प्राप्त गर्न सकिनेमा बैंक विश्वस्त रहेको छ ।

त्यस्तै कुमारी बैंक लिमिटेड र टिकापुर, कैलालीस्थित फिट लाईफ क्लबबीच पनि कुमारी बैंकका ग्राहकहरूलाई क्लबबाट प्रदान गरिने सेवाहरूमा विशेष छुट प्रदान गर्ने समझदारी भएको छ ।यस सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूले सो फिट लाईफ क्लबबाट सेवा लिए बापत कुनै पनि भुक्तानी कुमारी बैंकको डेबिट/क्रेडिट कार्ड अथवा क्यूआर द्वारा क्लबमा १५प्रतिशत छुट प्राप्त गर्न सक्नेछ । विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ५१ एक्सटेन्सन काउन्टर तथा ६५ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ । आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने बैंकले जनाएको छ ।

### ग्लोबल आइएमईलाई ग्लोबल फाइनान्सको 'बेस्ट बैंक अवार्ड'




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड ग्लोबल फाइनान्स म्यागाजिनको बेष्ट बैंक अवार्ड २०२४ बाट सम्मानित भएको छ । ग्लोबल फाइनान्स म्यागाजिनले विश्वभरिका सर्वश्रेष्ठ बैंकहरू छनोट गरी सम्मानित गरेको हो । बैंकको विश्वसनीयता, वित्तीय श्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाहरूको विकास, क्रेडिट रेटिङ्ग लगायतका मापदण्डहरूमा ग्लोबल आइएमई बैंक सन् २०२४ को लागि नेपालको उत्कृष्ट बैंक भएको हो ।

ग्लोबल फाइनान्स म्यागाजिनले अफ्रिका, एशिया प्यासिफिक, क्यारिबियन, मध्य अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्य पूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैंकहरूलाई सम्मान गरेको हो । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको यस प्रतिष्ठित अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो । ग्लोबल फाइनान्सले यस वर्ष हङकङको एचएसबीसी, संयुक्त राज्य अमेरिकाको बैंक अफ अमेरिका, भारतको स्टेट बैंक अफ इन्डिया, चीनको चाइना कन्स्ट्रक्सन बैंक, नेपालको ग्लोबल आइएमई बैंक, मलेशियाको मेबैंक, बङ्लादेशको स्टान्डर्ड चार्टर्ड बङ्लादेश, फिलिपिन्सको मेट्रोबैंक लगायतका विश्वभरका विभिन्न बैंकहरूलाई विभिन्न विधामा सम्मानित गरेको हो ।

### जिटो नेपाल र जिटो टिनेप्ट्स जोनबीच सम्झौता




**काठमाडौं (प्रस)–** जैन इन्टरनेशनल ट्रेड अर्गनाइजेसन (जिटो) नेपालले जिटो टीनेप्ट्स जोन- हैदराबाद, कोइम्बटोर र विशाखापट्टनम च्याप्टर्ससँग सिस्टर च्याप्टर सम्बन्ध स्थापना गर्दै सम्झौता गरेको छ । काठमाडौंमा जिटो नेपाल च्याप्टर का अध्यक्ष कमल कुमार बेगानीद्वारा हस्ताक्षर गरिएको थियो । जिटो विश्वभरका जैन उद्योगी, व्यवसायी, र पेशेवरहरूको समुदाय हो, जसमा संयुक्त राज्य अमेरिका, युरोपेली देश, अष्ट्रेलिया र भारतलगायत २८ अन्तर्राष्ट्रिय स्थानका १५,४११ सदस्यहरू आर्थिक सशक्तिकरण, ज्ञान र सेवाका उद्देश्य पूरा गर्न सक्रिय छन् ।

कम्पनी ऐन, २०६३ अन्तर्गत सन् २०१७ मा स्थापना भएको जिटो नेपाल च्याप्टरले नैतिक व्यापार अभ्यास, नेटवर्किङ र सामाजिक उत्तरदायित्वलाई प्रवर्द्धन गर्न उद्देश्यका साथ सञ्चालन गर्दै आएको छ । जिटो नेपालले आफ्ना सदस्यहरू बीचको सम्पर्कलाई सहज बनाउँछ, ज्ञानको आदानप्रदानलाई बढावा दिन्छ र नेपाली जैन व्यवसायी समुदायमा सीप विकास र मार्गदर्शनको लागि अवसरहरू प्रदान गर्दछ । स्थापना भए देखि यसले दान अभियान, रूख रोपण कार्यक्रम, व्यापार सेमिनार तथा, खेलकुद आयोजना र जागरूकता कार्यक्रमको संचालन गरेको छ। आफ्नो प्रयासहरू मार्फत, जिटो नेपालले देशको आर्थिक वृद्धि र सामाजिक कल्याण दुवैमा योगदान पुर्याउन प्रतिबद्ध छ । यस सम्झौताको अतिरिक्त, जिटो नेपाल र यसको युथ विङले वैशाख १५ देखि वैशाख ३० सम्म सगरमाथा बेस क्याम्प ट्रेकिङको आयोजना गरेको छ ।

# 'बजेटमा उत्पादन वृद्धि र रोजगारीका कार्यक्रम आउँछ'

■ प्रभाव संवाददाता



**चितवन–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमार्फत उत्पादन वृद्धि तथा रोजगारी सिर्जना गर्ने विशेष कार्यक्रम घोषणा गरिने बताएका छन् । नारायणी नदीमाथि निर्माण हुने 'सिग्नेचर ब्रिज'को शिलान्यास गर्दै प्रधानमन्त्री दाहालले रोजगारी र उत्पादनसँग सम्बन्धित भएर एकीकृत आयोजना सञ्चालन गर्ने तयारीका साथ सरकार अगाडि बढेको बताए ।

'पूर्वाधार विकाससँगै ग्रामीण अर्थतन्त्रको सवलीकरण, उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनासँग सम्बन्धित भएर एकीकृत ढाँचाको परियोजना सञ्चालन गर्नु आजको राष्ट्रिय आवश्यकता हो', प्रधानमन्त्री दाहालले भने, 'यही यथार्थलाई दृष्टिगत गरी सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा उत्पादन र रोजगारीसम्बन्धी विशेष कार्यक्रम घोषणा गर्ने तयारी गरेको छ ।'

सूचना प्रविधिको विकाससँगै विकासको परिभाषा, आवश्यकता र प्राथमिकतामा फेरबदल आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले देशव्यापीरूपमा सडक सञ्जालको विस्तार भएसँगै आगामी दिनमा गुणस्तरता एवं दिगोपनलाई विशेष प्राथमिकता दिने बताए । यातायात सेवालाई सहज तुल्याउने गरी काम गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले सडक दुर्घटना न्यूनीकरणका निम्ति पूर्वाधार, सवारीसाधन र ट्राफिक प्रणालीमा सुधारलगायतका क्षेत्रमा ध्यान दिनुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले यातायात पूर्वाधारले बहुर्राष्ट्रिय कम्पनीबाट उत्पादित वस्तुहरू दूरदराजमा पुऱ्याउने तर दूरदराजको उत्पादन प्रणाली कमजोर भई ग्रामीण अर्थतन्त्र शिथिल हुने चुनौतीलाई समेत सम्बोधन गर्नुपर्ने दायित्व रहेको उल्लेख गरे ।

'देशभित्रै सम्भव छ, गरे सकिन्छ', उनले भने । प्रधानमन्त्री दाहालले तुलनात्मक अध्ययन नै नगरी देशमा केही हुँदैन भन्ने नकारात्मक भाष्य सिर्जना गर्नु गलत भएको बताए । 'विकासक्रमलाई गणतन्त्रअघि र गणतन्त्रपछिको अवस्थासँग तुलना नगर्ने तर अति विकसित र विकसित मुलुकसँग तुलना गरेर 'नेपालमा केही भएन' भन्ने नकारात्मक भाष्य निर्माण गर्न खोजिएको छ', उनले भने, 'नेपालको पछिल्लो विकासलाई ठीक ढंगले अध्ययन र विश्लेषणका आधारमा 'देशभित्र सम्भव छ', 'गरे सकिन्छ' भन्ने सकारात्मक चिन्तन र ऊर्जाको विकास गर्न जरूरी छ ।'

पछिल्लो राजनीतिक परिवर्तनपछि नेपालमा सडक सञ्जालको विस्तार चमत्कारिक हिसाबले अगाडि बढेको उल्लेख गर्दै प्रधानमन्त्रीले ९० प्रतिशतभन्दा बढी सडक प्रयोगकर्ताहरू आफ्नो बासस्थानबाट एक घण्टाको पैदल यात्रामा पुग्नसक्ने अवस्था सिर्जना भएको बताए । 'राजतन्त्रकालको २५० वर्ष र गणतन्त्रकालको दुई दशकको तुलनात्मक अध्ययन गर्ने जो-कोहीले भन्न सक्छ-२५० वर्षमा भन्दा कैयौं गुणा बढी विकास पछिल्लो दुई दशकमा भएको छ', प्रधानमन्त्री दाहालले भने, 'सडक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, विद्युत्जस्ता भौतिक पूर्वाधारको विकास एवं सामाजिक सुरक्षा, सेवा प्रवाह, सेवाको सरलीकरण र प्रभावकारितालगायतका मानवीय विकासका क्षेत्रमा समेत नेपालले राम्रो प्रगति गरिरहेको छ ।'

सडक विभागले नेपाल सरकारको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनाका आधारमा सडक पूर्वाधारमा सकारात्मक पहल लिँदै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले चालु आर्थिक वर्षमा मात्र एक सय ४९ भन्दा बढी पुल निर्माण गरिसकेको बताए ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ